# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक ५५ | काठमाडौं | बुधबार, ३ असार २०८३ | Prabhab National Daily | Wednesday, 17 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरूको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयनमा

## सरकारी भवनबाट कर्मचारी संगठनका कार्यालय हटाउँदै सरकार

- सरकारी भवनका युनियन कार्यालय हटाइँदै
- सात दिनभित्र कार्यालय खाली गर्न निर्देशन
- सिंहदरबारमा कार्यालय खाली गर्ने तयारी
- दलीय प्रभाव नियन्त्रण गर्न लागिएको सरकारको दाबी
- सर्वोच्चको आदेशपछि कार्यान्वयन तीव्र

■ **जेबी योञ्जन**



एआईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर

**काठमाडौं–** सरकारले निजामती कर्मचारीका ट्रेड युनियन तथा पेसागत संगठन खारेज गर्ने निर्णय कार्यान्वयन गर्ने प्रक्रिया अगाडि बढाएको छ । यससँगै सरकारी तथा सार्वजनिक निकायभित्र सञ्चालनमा रहेका कर्मचारी संगठनका कार्यालय हटाउन थालिएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले आइतबार सूचना जारी गरी सरकारी भवनभित्र सञ्चालनमा रहेका कर्मचारी आबद्ध संघ-संगठन तथा पेसागत संस्थाका कार्यालय, साइनबोर्ड र अन्य संरचना सात दिनभित्र हटाउन निर्देशन दिएको छ । प्रशासनको उक्त सूचनापछि विभिन्न सरकारी कार्यालयमा रहेका कर्मचारी संगठनहरूले आफ्नो सामग्री व्यवस्थापन र कार्यालय स्थानान्तरणको प्रक्रिया सुरु गरेका छन् ।

सरकारले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशमार्फत निजामती कर्मचारी, शिक्षक तथा विभिन्न सरकारी संस्थानमा क्रियाशील ट्रेड युनियन र पेसागत संगठनहरूको व्यवस्था खारेज गरेपछि प्रशासनिक क्षेत्रमा त्यसको प्रभाव देखिन थालेको हो ।

जिल्ला प्रशासन कार्यालयले संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका कर्मचारी आबद्ध गैरसरकारी प्रकृतिका प्राविधिक तथा पेसागत संघ-संगठनहरूले सरकारी भवनभित्र कार्यालय सञ्चालन गर्न नपाउने स्पष्ट पारेको छ । सूचनामा केन्द्रीय, प्रादेशिक, जिल्ला, सम्पर्क तथा एकाइ कार्यालयले सरकारी भवनभित्र रहेका आफ्ना कक्ष, बोर्ड तथा अन्य संरचना हटाई निजी वा भाडामा लिइएको भवनमा स्थानान्तरण गर्नुपर्ने उल्लेख गरिएको छ ।

प्रशासकीय अधिकृत तीर्थराज कटेलद्वारा जारी सूचनामा तोकिएको समयसीमाभित्र कार्यालय स्थानान्तरण नगरे कानुनबमोजिम कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

जिल्ला प्रशासनको निर्देशनपछि सिंहदरबारदेखि विभिन्न मन्त्रालय, विभाग, आयोग र स्थानीय तहका कार्यालयहरूमा कर्मचारी संगठनले प्रयोग गर्दै आएका कक्ष खाली गर्ने तयारी तीव्र भएको छ । कतिपय कार्यालयले कर्मचारी संगठनलाई आफूले प्रयोग गर्दै आएका कोठा तत्काल खाली गर्न मौखिक निर्देशन दिइसकेका छन् भने कतिपयले लिखित सूचना जारी गर्ने तयारी गरेका छन् ।

विगतमा सरकारी कार्यालयभित्र कर्मचारी संगठनका छुट्टै कक्ष, बैठकस्थल, सूचना पाटी तथा गतिविधि सञ्चालनका लागि संरचना उपलब्ध गराइँदै आएको थियो । सरकारले ट्रेड युनियन खारेज गर्ने निर्णय गरेसँगै ती संरचनाको निरन्तरता नहुने भएको हो ।

सरकारले सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउने उद्देश्यसहित यो कदम चालिएको जनाएको छ । वालेन्द्र शाह नेतृत्वको सरकारले सार्वजनिक गरेको १०० दिने कार्ययोजनामा निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा अन्य राष्ट्रसेवकहरूलाई दल, समूह वा स्वार्थ केन्द्रसँगको प्रत्यक्ष वा अप्रत्यक्ष आबद्धताबाट मुक्त गराई सेवा प्रवाहलाई प्रभावकारी बनाउने उल्लेख गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

## ६४ लाख राहदानी छपाइको ठेक्कामा विभागकै 'सेटिङ'

### अख्तियारले नियन्त्रणमा लिएका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनिलकुमार केसी चार दिन हिरासतमै रहने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राहदानी छपाइको ठेक्कामा सेटिङ गरी अनियमितता गरेको आरोपमा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल पक्राउ परेका छन् । उनलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले सोमबार साँझ पक्राउ गरेको हो ।

अर्याललाई विशेष अदालतले थप अनुसन्धान गर्न चार दिन हिरासतमा राख्न अनुमति दिएको छ । मंगलबार बयान लिने काम नसकेपछि उनलाई हिरासतमा राख्न अदालतसँग अनुमति मागेको थियो । अदालतले विभागका निर्देशक सुनिलकुमार केसीलाई पनि हिरासतमा राख्न अनुमति दिएको छ ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले उनीहरूलाई थुनामा राख्न अनुमति दिएको हो । अख्तियारले २० दिन थुनामा राख्न अनुमति मागेकोमा अदालतले सोमबारदेखि लागू हुनेगरी चार दिन दिएको विशेष अदालतमा प्रवक्ता कृष्णशरण लामिछानेले जानकारी दिए । यो मुद्दाको अनुसन्धानका लागि परराष्ट्र मन्त्रालयका सचिव अमृत राई र ठेकेदार सिद्धार्थ थापा पनि अनुसन्धानको 'राडार'भित्र राखेको बताइएको छ । थापा नेपाली कांग्रेसका राष्ट्रिय सभा सदस्य सुनिल थापाका छोरा हुन् ।




- ६४ लाख राहदानी छपाइमा ढिलाइ हुने देखिएपछि राहदानी विभागको सेटिङबारे थप अनुसन्धान गर्न प्रधानमन्त्री शाहले चासो राखेसँगै राहदानी विभागका महानिर्देशक अर्याल पक्राउ
- जर्मन कम्पनी म्युहलबौयर आइडी सर्भिस जिएमबिएचले पहिलो प्याकेजका लागि एक अर्ब ५५ करोड र भेरिडोस जिएमबिएचले दोस्रो प्याकेजका लागि छ अर्ब ११ करोड ३८ लाख रूपैयाँमा एक वर्षअघि ठेक्का पाएका थिए
- यी दुई ठेक्कामा नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूकोसमेत संलग्नता रहेको दाबी

### राहदानी छपाइको ठेक्कामा 'सेटिङ'

महानिर्देशक अर्यालसहित अन्य अधिकारीले ६४ लाख थान राहदानी छपाइको ठेक्कामा सेटिङ गरी अनियमितता गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको अख्तियारको भनाइ छ । यो ठेक्का दुई वटा जर्मन कम्पनी भेरिडोस जिएमबिएच र म्युहलबौयर आइडी सर्भिस जिएमबिएचले पाएका थिए । म्युहलबौयर आइडी सर्भिस जिएमबिएचले पहिलो प्याकेजका लागि एक अर्ब ५५ करोड र भेरिडोस जिएमबिएचले दोस्रो प्याकेजका लागि छ अर्ब ११ करोड ३८ लाख रूपैयाँमा एक वर्षअघि ठेक्का पाएका थिए । यी दुवै कम्पनीले असार अन्तिमदेखि राहदानी छापेर दिने अन्तिम तयारीसमेत गरेका बताइएको छ ।

वालेन्द्र शाह प्रधानमन्त्री बनेपछि प्रधानमन्त्री कार्यालयले यस विषयमा चासो राख्दै आएको र सबै कागजात मागिएको थियो । सोमबारमात्र ठेक्का पाएका कम्पनीका प्रतिनिधि, महानिर्देशक अर्याल र प्रधानमन्त्री शाहको सचिवालयका प्रतिनिधिले छलफल गरेका थिए । यसबारे थप छलफल गर्न प्रधानमन्त्री शाहले मंगलबार बिहान १० बजे सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाएका थिए । छलफल सकिनासाथ अख्तियार प्रमुख प्रेमकुमार राई पनि प्रधानमन्त्री कार्यालय पुगेका थिए ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका पालामा २०८२ असारमा जर्मनीका दुई कम्पनीले राहदानी आपूर्तिको ठेक्का पाएका थिए । त्यतिबेला जर्मन कम्पनीले ठेक्का पाएपछि फ्रान्सको कम्पनी आइडिमिया ठेक्का प्रक्रियामा अनियमितता भएको आरोप लगाउँदै सर्वोच्च अदालत पुगेको थियो ।

विगत साढे चार वर्षदेखि फ्रान्सेली कम्पनी आइडिइएमआइएले नेपालको राहदानी छाप्दै आएको थियो । अघिल्लो सम्झौताअनुसार उक्त कम्पनीले ठेक्का सकिएपछि सफ्टवेयरको सोर्सकोड नेपाल सरकारलाई सित्तैमा दिनुपर्ने सर्त थियो । तर, महानिर्देशक अर्याल र विभागले उक्त सोर्सकोड फिर्ता लिनुको साटो पुनः नयाँ सफ्टवेयर र सोर्सकोड खरिद गर्ने भन्दै करिब दुई अर्ब रूपैयाँ थप बढी खर्च हुने गरी टेण्डर प्रक्रिया अगाडि बढाएको आरोप छ । छपाइमा ढिलाइ हुँदा राहदानी अभाव हुने देखिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय 'एक्सन'मा उत्रिएको दाबी गरिएको छ ।

आइडिमियाको नेपाल एजेन्ट डेल्टा फोर हो । यसको सञ्चालक सिद्धार्थ पाण्डे हुन् । ठेक्का पाएको म्युहलबौयर आइडी सर्भिस जिएमबिएचका नेपाली एजेण्ट दिनेश मानन्धर र भेरिडोस जिएमबिएचका नेपाली एजेण्ट सिद्धार्थ थापा हुन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदी रोजगारीमा जान अब 'सीप प्रमाणीकरण' अनिवार्य


### नेपाल सरकारलाई जानकारी नदिई नयाँ मापदण्ड लागू गर्दै साउदी सरकार

- पाँच वटा पेसाका लागि आजदेखि सीप प्रमाणीकरण अनिवार्य
- व्यावसायिक मापदण्ड पूरा गर्ने दक्ष कामदारहरूको सुनिश्चित गर्न सीप प्रमाणीकरण लागू गरिएको साउदी दूतावासको भनाइ
- सीप प्रमाणीकरण लागू गरिएकोबारे नेपाल सरकारलाई छैन जानकारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरबमा रोजगारीमा जाने श्रमिकले अब अनिवार्य सीप प्रमाणीकरण गर्नुपर्ने भएको छ । साउदी सरकारले नेपाली कामदारका लागि आज (बुधबार)देखि सीप प्रमाणीकरणको व्यवस्था कार्यान्वयनमा ल्याउने भएको हो । नेपालस्थित साउदी दूतावासले जारी गरेको सूचनाअनुसार पाँचवटा पेसामा काम गर्न साउदी जानका लागि सीप प्रमाणीकरण गर्नुपर्ने छ ।

यो कार्यक्रमको उद्देश्य साउदीमा 'वर्क भिसा' प्राप्त गर्न आवश्यक पर्ने व्यावसायिक मापदण्ड पूरा गर्ने दक्ष कामदारहरूको सुनिश्चित गर्नु रहेको दूतावासको सूचनामा उल्लेख छ । यस विषयमा नेपाल सरकार भने बेखबर देखिएको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले यसबारे औपचारिक जानकारी साउदी सरकारबाट नआएको बताएको छ ।


الموارد البشرية والتنمية الاجتماعية | الاعتماد المهني Professional Accreditaion

We are pleased to announce the activation of the Skills Verification Program in the Republic of Nepal. The program aims to ensure that skilled workers meet the professional standards required to obtain a work visa in the KSA.

**Effective Date:**
The program was officially activated on Wednesday, 17 Jun 2026, and to date, a total of 5 occupations has been activated (Details are provided in Table 1). The program will gradually expand to include additional professions in subsequent stages.

**Verification Methodology:** Direct Assessment (Theoretical and practical).

**Online Portal:** Applicants can access the program through the official platform: https://svp-international.pacc.sa/home

**Application Process:**

1. **Registration:** The worker begins by registering through the Professional Verification Portal.
2. **Creating an Account:** A personal account will be created for the worker to manage the entire process.
3. **Apply for SVP:** Before proceeding, applicants must ensure that the selected profession matches the one stated in the work visa. The match must be verified through the official Occupation Code (Job Code) to avoid discrepancies during visa processing.
4. **Exam process:** The applicant starts by selecting the profession from the occupations available under the program. The applicant then chooses the preferred city from the approved test locations and proceeds to select the most suitable available test date. Upon completion of the booking process, the applicant must attend the test at the scheduled date and time and complete the Direct Assessment in accordance with the applicable program requirements and procedures.
5. **Result:** Upon completion of the Direct Assessment, the result will be published in the Portal. If the applicant passes the test, a Professional Accreditation Certificate will be issued to confirm successful completion of the process. The result will also be automatically integrated into the MOFA systems for visa.

**Support and Inquiries:**
For any questions or technical assistance, applicants or recruitment offices may raise a support ticket through the same online portal

साउदीले सीप प्रमाणीकरणका लागि तोकेको पाँचवटा पेसामा लोड/अनलोड वर्कर, क्यारियर, ह्विलब्यारो वर्कर, कन्स्ट्रक्सन र कन्स्ट्रक्टिङ वर्कर रहेका छन् । यो व्यवस्था अन्य पेसाका लागि विस्तार गर्दै लगिने सूचनामा उल्लेख छ ।

सीप प्रमाणीकरणका लागि कामदार स्वयं उपस्थित हुनुपर्ने छ । सैद्धान्तिक र प्रयोगात्मक दुवै विधिको परीक्षामा सहभागी हुनुपर्ने सूचनामा उल्लेख छ । यसका लागि श्रमिकले प्रोफेसनल भेरिफिकेसन पोर्टलमार्फत आफ्ना आवश्यक कागजात अपलोड गर्नुपर्ने जनाइएको छ ।

सीप प्रमाणीकरणको नतिजा सोही पोर्टलमा प्रकाशित गरी प्रमाणपत्र जारी गरिने दूतावासले जानकारी दिएको छ । सोही नतिजा एकसाथ परराष्ट्र मन्त्रालयको प्रणालीमासमेत अपडेट गरिने जनाइएको छ ।

उक्त प्रक्रियामा सहभागी हुनका लागि १०० अमेरिकी डलर (करिब १५ हजार रूपैयाँ) शुल्कसमेत तोकिएको छ । उक्त रकममध्ये ५० अमेरिकी डलर परीक्षा शुल्क र ५० अमेरिकी डलर पूर्वसिकाइ मान्यता (आरपिएल) शुल्कबापत रहेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार क्षेत्रमा श्रमिकको हित संरक्षण, सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउँदै वैदेशिक रोजगारी प्रवर्धन गर्ने उद्देश्य अनुरूप नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रमिक भर्ना प्रक्रियामा श्रमिकमाथि अनावश्यक आर्थिक भार पर्ने, प्रतिस्पर्धालाई सीमित गर्ने वा कुनै प्रकारको एकाधिकार सिर्जना गर्ने व्यवस्थाको निरन्तर रूपमा विरोध तथा प्रतिकार गर्दै आएको छ र आगामी दिनमा समेत यस विषयमा दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

मिति २०८३ असार १ गते नेपालस्थित साउदी अरब अधिराज्यको दूतावासद्वारा प्रकाशित सूचना अनुसार नेपाली श्रमिकहरूका लागि आगामी जुलाई १, २०२६ देखि लागू हुने गरी प्रस्ताव गरिएको Skills Verification Program (SVP) सम्बन्धी व्यवस्थाले श्रमिकमाथि थप आर्थिक भार सिर्जना गर्ने, वैदेशिक रोजगार प्रक्रियामा अनावश्यक समय वृद्धि गराउने तथा विद्यमान श्रम स्वीकृति एवं सीप प्रमाणीकरण सम्बन्धी व्यवस्थासँग समेत केही हदसम्म दोहोरोपन तथा विरोधाभास उत्पन्न गर्ने देखिएकाले यस संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस विषयमा संघले नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालयलाई आवश्यक कूटनीतिक पहलमार्फत श्रमिकमैत्री एवं व्यावहारिक समाधानको खोजी गर्न अनुरोध गरिसकेको छ । साथै, विषयको वस्तुगत छलफल तथा आवश्यक समन्वयका लागि नेपालस्थित साउदी अरब अधिराज्यको दूतावाससँग भेटघाटको समयसमेत अनुरोध गरी समन्वय प्रक्रिया अगाडि बढाइसकिएको जानकारी गराउन चाहन्छौं ।

संघले नेपाली श्रमिकको हित, रोजगारदाताको आवश्यकता तथा दुई देशबीचको श्रम सहकार्यको भावनालाई सम्मान गर्दै यस विषयमा संवाद र सहकार्यको माध्यमबाट सकारात्मक निष्कर्षमा पुग्न सकिने विश्वास लिएको छ । त्यसैले सम्बन्धित निकायहरूसँगको छलफल र कूटनीतिक पहलबाट ठोस निष्कर्ष नआउँदासम्म सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी महानुभावहरूलाई धैर्यता, संयमता तथा एकता कायम राख्न हार्दिक अनुरोध गर्दछौं ।

**हिरा बहादुर डाँगी (हरि)**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल- ७, काठमाडौं, फोन नं.-१-४५९०९६५/४५९४४१८

# चिकित्सा शिक्षा आयोगको निर्देशन

**काठमाडौं (प्रस)–** चिकित्सा शिक्षा आयोगले आवासीय चिकित्सकको कार्यबोझ अत्यधिक समय भएको गुनासो आएकाले पाठ्यक्रममा तोकिएअनुसार सेवामा खटाउन अनुरोध गरेको छ ।

आयोगका उपाध्यक्ष प्राडा श्रीकृष्ण गिरीले विश्वविद्यालय तथा प्रतिष्ठानहरूलाई सोमबार पत्राचार गरेर चिकित्सकको कार्यबोझ अत्यधिक समय कार्य गर्न बाध्य बनाई शारीरिक तथा मानसिक असर परेको भन्ने गुनासाहरू आयोगमा प्राप्त भएकाले सम्बन्धित विषयको पाठ्यक्रमको परिधिमा रही सेवामा खटाउने व्यवस्था गरेर यथाशीघ्र आयोगलाई जानकारी गराउनका लागि निर्देशन दिएका छन् ।

त्यसैगरी, आयोगले मेडिकल तथा डेण्टल विषयका स्नातक तहका विद्यार्थीहरूको इन्टर्नसिप भत्ता विभिन्न शिक्षण संस्थामा समान नभई कतिपय मेडिकल कलेजको इन्टर्नसिप भत्ता अति न्यून रहेको भन्ने गुनासो आएको आयोगले जनाएको छ ।

आयोगले गुनासोका सम्बन्धमा मेडिकल कलेजले आफ्नो आंगिक अस्पतालमा सेवा पुऱ्याएबापत प्रदान गर्दै आएको भत्तासरह नै उपलब्ध गराउनका लागि निर्देशन दिएको छ । मेडिकल कलेजका शिक्षण संस्थामा सेवा प्रदान गर्ने इन्टर्नसिपका चिकित्सकहरूलाई प्रदान गर्ने व्यवस्था गरी सोको जानकारी आयोगलाई गराउन अनुरोध गरिएको छ ।

# बडीकेदार गाउँपालिकाका तत्कालीन अध्यक्षसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बडीकेदार गाउँपालिका डोटीका तत्कालीन अध्यक्ष कृष्णबहादुर चन्द, उपाध्यक्षसमेत आठ जना र भागरथी निर्माण सेवाका सञ्चालकविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

स्थानीय ठूलीगाड र कापडीगाडको बगर क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवा उत्खननसम्बन्धी राजश्व रकम संकलन नगरी हानीनोक्सानी गरेको आरोपमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

आयोगले गाउँपालिकाका अध्यक्ष चन्द, उपाध्यक्ष इन्द्राकुमारी बोहराविरुद्ध १४ लाख १० हजार रूपैयाँ बराबरको बिगो कायम गर्दै मुद्दा दायर गरिएको छ ।

यस्तै, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत दिपकराज जैशी, लेखापाल युवराज भट्ट, गाउँपालिकाका तत्कालीन शिक्षा अधिकृत विवेक देउवा र सवइञ्जिनियर दानबहादुर पछेरा, भागीरथी निर्माण सेवा कैलालीका सञ्चालक पशुपति जोशी र अख्तियार प्राप्त व्यक्ति केशवबहादुर बमविरुद्ध १४ लाख १० हजार रूपैयाँ बराबरको बिगो र कैद सजायको माग गर्दै मुद्दा दायर गरिएको छ ।

यस्तै, सोही गाउँपालिकाले एक्स्काभेटर भाडामा दिने ठेक्कामा राजस्व रकम संकलन नगरी हानी नोक्सानी पुऱ्याएको अभियोगमा बडीकेदार गाउँपालिकाका तत्कालीन अध्यक्ष चन्द, उपाध्यक्ष बोहरा, निमित्त प्रमुख प्रशासकीय अधिकृत जैशीविरुद्ध मुद्दा दायर गरिएको छ ।

यस्तै, लेखापाल युवराज भट्ट, गाउँपालिकका सबइञ्जिनियर दानबहादुर पछेरा र भागरथी निर्माण सेवा धनगढी कैलालीका सञ्चालक पशुपति जोशी र अख्तियार प्राप्त व्यक्ति केशवबहादुर बमविरुद्ध समान ४६ लाख ९५ हजार रूपैयाँबराबरको बिगो र कैद सजायको माग गर्दै मंगलबार नै अर्को मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

# छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि स्वीकृत

**काठमाडौं (प्रस)–** चिकित्सा शिक्षा आयोगले छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी जारी गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा मंगलबार बसेको आयोगको बैठकले उक्त निर्णय गरेको हो ।

प्रधानमन्त्री शाहककी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार शिक्षा तथा खेलकुद र अर्थ मन्त्रालयबाट सहमतिप्राप्त भएको २४ घण्टा नबित्दै आयोगले कार्यविधि पास गरेर विगतदेखिको कानुनी अस्पष्टता र समस्यालाई दीर्घकालीन रूपमा समाधान गरेको हो ।

नेपाल राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ मार्फत राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा दफा ५४ (ख) थपिएसँगै आयोगलाई आवश्यक निर्देशिका र कार्यविधि बनाउने कानुनी बाटो खुलेको थियो । यसअघि विधायन ऐन, २०८१ को दफा ३५ का कारण आयोगका पुराना सबै निर्देशिका र कार्यविधि स्वतः अमान्य (खारेज) हुँदा कानुनी रिक्तता भएको थियो ।

उक्त समस्या समाधानका लागि असार १ गते अर्थ मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयबाट सकारात्मक रायसहितको सहमति प्राप्त भएको थियो । कार्यविधिले सार्वजनिक शिक्षण संस्थालाई निःशुल्क छात्रवृत्ति, स्नातकोत्तर तह (डिएम, एमसिएचसमेत)मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गराउने बाटो खुलेको छ ।

यस कार्यविधिले आयोगको तर्फबाट चिकित्साशास्त्र अध्ययन गराउने शिक्षण संस्थालाई सबै तहमा (स्नातकोत्तर तह डिएम, एमसिएचसमेत)मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गर्ने बाटो खुलेको छ ।


## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०३**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात खयर गोलिया काठ गरी ४५२ थानको १०७१.४६ क्युफी काठ लाई शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रभाव राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**अध्यक्ष**
**श्री खोटेना भुराखानि सामुदायिक वन उपभोक्ता समुह**
**टिकापुर न.पा.–२ कैलाली**


## पृष्ठ १ बाट क्रमशः

### ६४ लाख...

पुरानै ठेक्कालाई भेरियसनमा अगाडि बढाउन पाण्डे र नयाँ ठेक्कालाई निरन्तरता दिन थापा समूहको लडाइँ चलिरहेको बेला प्रधानमन्त्री कार्यालयले चासो दिएसँगै महानिर्देशक अर्याल पक्राउ परेका हुन् ।

सन् २०१० मा राहदानी विभागले फ्रान्सको ओवर्थर टेक्नोलोजीसँग २० करोड लागतमा एमआरपी राहदानी खरिद गरेको थियो । ओवर्थपछि आइडिमियाले निरन्तर राहदानी छाप्ने ठेक्का पाइरहेको थियो । विभागले सन् २०२० मा आइडिमियालाई नै दुई अर्ब ५० करोड रूपैयाँको ठेक्का दिएको थियो ।

■ ■ ■

### सरकारी भवनबाट...

सरकारको दाबी छ कि कर्मचारी ट्रेड युनियनका नाममा सार्वजनिक प्रशासनमा दलीय प्रभाव बढेको, निर्णय प्रक्रियामा अनौपचारिक दबाब सिर्जना भएको र सेवा प्रवाह प्रभावित भएको छ । त्यसैले प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिताको कार्यक्रमअन्तर्गत ट्रेड युनियन खारेज गरिएको हो ।

तर, कर्मचारी संगठनहरूले सरकारको निर्णयलाई संविधानले सुनिश्चित गरेको संगठित हुने अधिकारमाथिको हस्तक्षेपका रूपमा व्याख्या गरेका छन् । नेपाल निजामती कर्मचारी संगठनकी अध्यक्ष भवानी न्यौपाने दाहालले कर्मचारीलाई आफ्नो पेसागत हित र अधिकारका विषयमा संगठित हुने बाटो बन्द गरिएको बताउँदै कानुनी लडाइँ जारी रहने बताएकी छन् ।

उनका अनुसार संगठनहरूले सडक आन्दोलनभन्दा कानुनी र संस्थागत माध्यमबाट आफ्नो असहमति व्यक्त गर्ने रणनीति अपनाएका छन् । 'सरकारले कर्मचारीको आवाज सुन्ने व्यवस्था गरेको भने पनि त्यही सरकारले दिएको पीडाको गुनासो उसैले सुन्छ भन्नेमा विश्वास गर्न सकिँदैन,' उनले प्रभावसँग भनिन् ।

यता नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष उत्तमप्रसाद कटुवालले कर्मचारीहरू राजनीतिक दलको सदस्यताका आधारमा नभई लोकसेवा परीक्षा उत्तीर्ण गरेर सरकारी सेवामा प्रवेश गरेको उल्लेख गर्दै दलीय संगठनका रूपमा चित्रण गर्नु गलत भएको बताएका छन् ।

सरकारले भने कर्मचारीलाई श्रमिकसँग समान रूपमा व्याख्या गर्न नमिल्ने तर्क अघि सारेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार संविधानको धारा ३४ ले श्रमिकलाई ट्रेड युनियन गठन गर्ने अधिकार दिए पनि निजामती कर्मचारी सरकारकै अभिन्न अंग भएकाले उनीहरूलाई श्रमिकको परिभाषाभित्र राख्न नमिल्ने निष्कर्ष निकालिएको छ ।

मन्त्रालयले अध्यादेशमार्फत निजामती कर्मचारीको ट्रेड युनियन गठनसम्बन्धी कानुनी व्यवस्था हटाएर कर्मचारीका गुनासा सुन्ने नयाँ प्रावधान राखेको छ । सो प्रावधानअनुसार कर्मचारीले आफ्ना समस्या र गुनासा सम्बन्धित निकायमा राख्न पाउने छन् र १५ दिनभित्र त्यसबारे जानकारी गराइने व्यवस्था गरिएको छ ।

यसबीच, सरकारको निर्णयविरुद्ध दायर रिट निवेदनमा सर्वोच्च अदालतले २९ जेठमा त्यसअघिको अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेपछि अध्यादेश कार्यान्वयनको बाटो थप खुला भएको हो । प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा तथा न्यायाधीशहरू डा. नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेल सम्मिलित संवैधानिक इजलासले यसअघि जारी गरिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने निर्णय गरेको थियो ।

अदालतको उक्त आदेशसँगै कर्मचारी संगठनहरू कानुनीरूपमा थप दबाबमा परेका छन् । सरकारी भवनभित्र रहेका कार्यालय खाली गर्नुपर्ने प्रशासनिक निर्देशन र सर्वोच्चको आदेशपछि कर्मचारी संगठनहरूले आफ्ना कागजात, फर्निचर तथा अन्य सामग्री व्यवस्थापन गर्न थालेका छन् ।

प्रशासनिक क्षेत्रका जानकारहरूका अनुसार यो निर्णयले कर्मचारी संगठनहरूको भौतिक उपस्थितिमात्र हटाउने होइन, दशकौंदेखि सरकारी संरचनाभित्र विकसित भएको दलीय प्रभावको अन्त्य गर्ने सरकारको प्रयास हो । यद्यपि, कर्मचारी संगठनहरूले भने संगठित हुने अधिकारको संवैधानिक प्रश्न अझै बाँकी रहेको बताउँदै सर्वोच्च अदालतमा जारी मुद्दाको अन्तिम फैसला र अन्तर्राष्ट्रिय श्रम संगठनसमक्षको पहललाई अगाडि बढाउने तयारी गरेका छन् ।

■ ■ ■

### साउदी रोजगारीमा...

साउदी अरबले एकतर्फीरूपमा लागू गरेको यो व्यवस्थाले नेपाली श्रमिकलाई थप मारमा पार्ने सरोकारवालाहरूले बताएका छन् । यसअघि पनि रोजगारीका लागि मुलुक भित्रने श्रमिकको सीप परीक्षण गर्ने बताउँदै आएको थियो । यस विषयमा परराष्ट्र मन्त्रालयमा बुझ्दा सञ्चारमाध्यममा आएका खबरबाट थाहा पाएपनि औपचारिकरूपमा कुनै जानकारी प्राप्त नभएको जनाएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मंगलबार नै युवा, श्रम तथा रोजगार मन्त्रालयलाई श्रमिकमाथि आर्थिक शोषण हुने यस्तो नियम कार्यान्वयन नगराउन ध्यानाकर्षणपत्र बुझाएको छ । संघका अध्यक्ष डिकबहादुर खत्रीले सीप प्रमाणीकरण आवश्यक पर्ने हो भने भिसाको प्रक्रिया अघि नबढाउन व्यवसायीलाई आह्वान गर्ने बताएका छन् । 'निजी संस्थामार्फत परीक्षण हुँदा एकाधिकार हुन्छ । संघ श्रमिकहरूलाई आर्थिक भार पार्ने कुनै विषय स्वीकार गर्दैन । यो प्रक्रियामा भिसा स्टाम्पिङका लागि नजान व्यवसायीलाई आह्वान गर्छौं,' अध्यक्ष खत्रीले भने ।

सीप प्रमाणीकरण गरिहेका छिमेकी मुलुकमासमेत विभिन्न चलखेल हुने गरेको पाइएको अध्यक्ष खत्रीले बताए । यदि सीप परीक्षण गर्ने हो भने श्रमिकमाथि आर्थिक भार नपर्नेगरी सरकारी संस्थामार्फत हुनुपर्ने उनको भनाइ छ ।

संघका निवर्तमान तृतीय उपाध्यक्ष तथा साउदी रोजगारीका जानकार व्यवसायी वैकुण्ठ पौडेलले यो प्रावधान लागू गर्न विगतदेखिकै प्रयास भए पनि यसपटक यसको प्रभाव कस्तो हुन्छ भनेर परिक्षण गरेको देखिएको बताए । यस विषयमा व्यवसायीको ध्यानाकर्षण भएको खबर साउदी दूतावसमा पुगिसकेको जानकारी पाएको उनले बताए । यो प्रावधान लागू गर्न वैदेशिक रोजगार व्यवसायी र अन्य व्यवसायीको चलखेल भएको पाएको उनको भनाइ छ ।


## कुवेतमा रोजगार
कम्पनी : WHITE OPTION COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०३/०२ | LT. No. 333781 | चलानी नं. ६०२४७४९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Saleswoman | 0 | 4 | 150 | ७३,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesmen | 2 | 0 | 150 | ७३,७८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN AND COMPANY PVT. LTD.**
Dhumbarahi, Kathmandu, Nepal Tel : 01 - 4375649, Mobile: +977 9847514455, 9813992878, 9851036755 & 9806817311, E-Mail : sunandcom164@gmail.com & bigyan48@yahoo.com, Website : www.sunmanpower.com
श्रम इजाजत नं. १६४/०५६/०५७



## युएइमा रोजगार
कम्पनी : SINOPEC NANJING ENGINEERING & CONSTRUCTION INC
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342587 | चलानी नं. ६०२५५९७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 50 | 0 | 1000 | ४१,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Operator | 50 | 0 | 1500 | ६१,९५९ | | | | | | | |
| 3. | Scaffolder | 50 | 0 | 1500 | ६१,९५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com
श्रम इजाजत नं ९५७/०६७/०६८



## मलेसियामा रोजगार
कम्पनी : GUARDIAN SECURITY CONSULTANTS SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 331568 | चलानी नं. ६०२४५२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards (A Grade) | 1 | 0 | 1700 | ६३,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANPOWER AGENCY NEPAL PVT.LTD.**
Govt. License 1618/079/80
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Aita bahadur Tamang -9851068111



## साउदीमा रोजगार
कम्पनी : NEW DESERT ENERGY CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | LT. No. 343533 | चलानी नं.६०२५६८९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineers | 1 | 0 | 6000 | २४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Contact No: 01 5915083 / 9802378002 (Vishwas)
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080



## साउदीमा रोजगार
कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO IS A CLOSED JOINT STOCK COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 335224 | चलानी नं. ६०२४८९३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance Workers | 15 | 0 | 1000 | ४०,४२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १० गते (24 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०



## साउदीमा रोजगार
कम्पनी : SULTAN MUAID SAAD DAJAM RESTAURANT
पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343593 | चलानी नं. ६०२५६८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1200 | ४८,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com



## कतारमा रोजगार
कम्पनी : BRUXELL BUILDING CONTRACTING
पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343508 | चलानी नं. ६०२५६८८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 3600 | १४९,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Admin Manager | 0 | 1 | 5700 | २३७,३१५ | | | | | | | |
| 3 | Dry Clean Worker | 0 | 3 | 1000 | ४१,६३५ | | | | | | | |
| 4 | General Cleaning Worker | 0 | 1 | 1000 | ४१,६३५ | | | | | | | |
| 5 | Hr Officer Asst Hr Managers | 0 | 1 | 5700 | २३७,३१५ | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 2500 | १०४,०८५ | | | | | | | |
| 7 | Supervisor | 0 | 2 | 2500 | १०४,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656 (Santosh Bhatta), +9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## कुवेतमा रोजगार
कम्पनी : 3D INTERNATIONAL CO. FOR SWEETS RESTAURANTS & CAFES
पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343584 | चलानी नं. ६०२५६८९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Girls | 0 | 10 | 150 | ७३,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Man | 2 | 0 | 150 | ७३,७९५ | | | | | | | |

कम्पनी : BANGS SALON FOR LADIES BEAUTY CO
पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343585 | चलानी नं. ६०२५६८८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 2 | 120 | ५९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Light | 2 | 0 | 150 | ७३,७९५ | | | | | | | |
| 3 | Hair Dress/hair Stylist | 0 | 2 | 150 | ७३,७९५ | | | | | | | |
| 4 | Manicurist/nail Technician | 0 | 2 | 150 | ७३,७९५ | | | | | | | |
| 5 | Massage Therapist | 0 | 6 | 150 | ७३,७९५ | | | | | | | |
| 6 | Nail Technicial(Manicurist/pedicurist) | 0 | 2 | 150 | ७३,७९५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## युएइमा रोजगार
कम्पनी : ALQIMA INTERIOR CLEANING SERVICES FOR BUILDINGS AND DWELLINGS L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 343576 | चलानी नं. ६०२५६८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Staff | 10 | 20 | 1000 | ४१,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Yam Bahadur Gurung : 9801025426
श्रम इजाजत नं. ७४८/०६५/०६६



## साउदीमा रोजगार
कम्पनी : BDULLAH AL OTHAIM MARKETS COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०२ | LT. No. 330189 | चलानी नं. ६०२४३९७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 12 | 0 | 1000 | ४०,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)**
Govt. License No. 1047/073/74
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np



## कुवेतमा रोजगार
कम्पनी : FAVOURITE READY-MADE GARMENTS COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/१६ | चलानी नं.: ६०२५६९१३ | LT.No.: 343602

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 2 | सम्बन्धित काममा दक्ष | 155 | ७६,३७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LIGHT VEHICAL DRIVER | 1 | 0 | | 140 | ६८,९८० | | | | | | | |
| 3. | SALES GIRL (FEMALE) | 0 | 5 | | 140 | ६८,९८० | | | | | | | |
| 4. | Sales-Man | 5 | 0 | | 140 | ६८,९८० | | | | | | | |
| 5. | Storekeeper | 1 | 0 | | 150 | ७३,९०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ जेठ १० गते (24 June, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

# बौद्धनाथ, स्वयम्भूनाथ र चारुमती बिहारमा भियतनामी भिक्षुको शान्ति पदयात्रा



**काठमाडौं–** शान्ति पदयात्राका क्रममा नेपाल आएका भियतनामी भिक्षुको समूहले विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ, स्वयम्भूनाथ, चारुमती चैत्य एवं बिहारलगायत सम्पदाको अवलोकन गरेको छ ।

पदयात्रामार्फत विश्वभरि शान्तिको सन्देश प्रसारण गरेपछि भिक्षु रत्नगुणाको समूह सोमबार बुद्धको जन्मभूमि नेपाल आएको हो । उनी भियतनामी थेराबाद बौद्ध संघका संस्थापक एवं प्रथम संघराज भन्ते वमसरखिता महाथेरोका एकमात्र जीवित शिष्य हुनुका साथै भिक्षु पन्नाकाराका गुरु पनि हुन् । उनकै निर्देशनमा २४ जना भिक्षुले १०८ दिनसम्म अमेरिकाका विभिन्न राज्यमा गरी तीन हजार ७०० किलोमिटर शान्ति पदयात्रा गरेका थिए । यसको नेतृत्व भिक्षु पन्नाकारले गरेका थिए ।

शान्ति अभियानअन्तर्गत नेपाल आएको यो टोलीमा भिक्षु पन्नाकारा, उनका गुरुलगायत छन् । यसका साथै पदयात्रा अमेरिकाको तीन हजार ७०० किलोमिटर पदयात्रा पूरा गरेको चर्चित अलोका नामको कुकुर पनि सँगै छ। उनीहरू थाइल्याण्डबाट दिल्ली हुँदै नेपाल आएका हुन् ।

यो यात्राको उद्देश्य विश्व शान्ति, करुणा, अहिंसा र सजगताको सन्देशलाई व्यावहारिकरूपमा सबैकामाझ पुर्‍याउनु रहेको बताइएको छ । प्राविधिक पृष्ठभूमिबाट आएका यी भिक्षुले बौद्ध शिक्षालाई आधुनिक तथा सरल तरिकाले प्रस्तुत गर्ने गरेको जनाइएको छ । पदयात्राका क्रममा विभिन्न समुदायसँग संवाद गर्ने, ध्यान गराउने र 'शान्ति बाहिर होइन, आफूभित्रबाट सुरु हुन्छ' भन्ने सन्देश बाँड्ने कार्यक्रम रहेको छ । भारत, श्रीलंका र नेपालजस्ता देशमा पनि भ्रमणमार्फत उनीहरूले बौद्ध धर्मलाई मानवता र सहअस्तित्वको लागि प्रेरणा बनाउने गरेको छ ।

शान्ति भीडबाट प्राप्त हुँदैन भनेर बुद्धले आफैंभित्र खोजेजस्तै भिक्षुले शान्ति प्राप्तिको लागि कुनै महायज्ञ र अनुष्ठान नगरी अशान्त हुनाका कारण खोजेको जनाइएको छ। सिद्धार्थ गौतम बुद्ध भइसकेपछि पनि कुनै विजययात्रा गरेनन् । बरु ज्ञान बाँड्नतिर लागे जस्तै यी भिक्षु पनि बुद्धको त्यही बाटो हिँड्दै यहाँ आइपुगेका हुन् ।

दुःखको निवारण र शान्तिका लागि विनाभेदभावको बाटो बुद्ध हिँडेको बाटो हो र यो बाटोको प्रारम्भ बिन्दु नेपाल हो भन्ने मान्यताका आधारमा उनीहरू नेपाल आएका हुन् । यसैगरी मंगलबार नै उनीहरूलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले शान्ति पदयात्रामा सहभागी भई आएका अलोका र भिक्षुको टोलीलाई काठमाडौंमा स्वागत गरेको मन्त्रालयको सामाजिक सञ्जाल पेजमा उल्लेख छ ।

घाम, पानी, हिउँ र अनेकौं कठिनाइबीच पनि भिक्षुको साथ नछोड्ने अलोकाले करुणा, मैत्री, निष्ठा र सहअस्तित्वको अनुपम उदाहरण प्रस्तुत गरेको छ । अमेरिकामा भिक्षुसँगै १०८ दिनसम्म तीन हजार ७०० किलोमिटरभन्दा बढी दूरी पार गर्दै शान्ति पदयात्रा अभियानमार्फत लाखौं मानिसको मन जितेको 'अलोका' नामक कुकुर र भियतनामी भिक्षुको टोली सोमबार नेपाल आइपुगेको हो । *रासस*

# वर्षात्का कारण फोहोर व्यवस्थापनमा समस्या नहुने कामपाको दाबी

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले वर्षात्का कारण विगतका वर्षमा जस्तो उपत्यकामा यस वर्ष फोहोर व्यवस्थापनमा समस्या नहुने जनाएको छ ।

विगतमा वर्षात्को समय सुरु भएसँगै फोहोर व्यवस्थापनमा समस्या हुँदै आएको थियो । विगतमा समस्या भएका अधिकांश स्थानमा सडक मर्मत भइसकेको र बाँकी रहेका केही स्थानमा पनि काम भइरहेकाले अघिल्ला वर्षमा जस्तो समस्या नहुने कामपा वातावरण विभागकी प्रमुख सरिता राईले जानकारी दिइन् ।

प्रमुख राईका अनुसार फोहोर व्यवस्थापनस्थल बञ्चरेडाँडासम्म जाने बाटोसम्बन्धी चुनौती हटेकाले आगामी दिनमा समस्या नहुने बताइन् । उनले भनिन्, 'सिसडोलमा यस वर्ष फोहोर व्यवस्थापनमा समस्या हुँदैन ।'

राईका अनुसार तीनपिप्लेदेखि सिसडोलसम्म पर्खाल निर्माण गरिएकाले नियमित पानी परे पनि समस्या हुँदैन । वि.सं. २०६८ मा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र २०७७ सालमा कामपाले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि फोहोर स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने कानुनी व्यवस्था रहेकाले अब सोही व्यवस्थाअनुरूप अघि बढ्ने पनि कामपाको तयारी छ ।

बञ्चरेडाँडामा लागिने फोहोरको मात्रा कम र वैज्ञानिक व्यवस्थापन गर्नका लागि कामपाले ३२ वटा वडालाई सात क्षेत्रमा विभाजन गरेको व्यवस्थापन गरेको छ । प्रविधि प्रयोगमार्फत फोहोरमैलाको उचित व्यवस्थापन गर्ने कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले सार्वजनिक गरेको नीतिमा उल्लेख छ ।

कामपाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि फोहोरमैला व्यवस्थापनको सवाललाई विशेष प्राथमिकतामा राखेको छ । यसका लागि कामपाले फोहोरमैला व्यवस्थापन सेवा शुल्कलाई प्रदूषकले तिर्ने सिद्धान्तअनुरूप एकद्वार प्रणालीमार्फत संकलन गर्ने व्यवस्था मिलाउने भएको छ ।

उपत्यकाको अन्तिम फोहोर व्यवस्थापन स्थल बञ्चरेडाँडा ल्याण्डफिल साइटमा मेकानाइज्ड मेटरियल रिकभरी फयासिलिटी सञ्चालन गरी फोहोरको वैज्ञानिक व्यवस्थापन गरिने नीति तथा कार्यक्रममा स्पष्ट उल्लेख छ ।

'स्थानान्तरण केन्द्रबाट निष्कासित न्यून फोहोरलाई बञ्चरेडाँडा ल्याण्डफिल साइटमा मेकानाइज्ड मेटरियल रिकभरी फयासिलिटी सञ्चालन गरी फोहोरको वैज्ञानिक व्यवस्थापन गरिने कामपाको तयारी छ ।

बञ्चरेडाँडा ल्याण्डफिल साइटमा फोहोरमैला विसर्जन गर्ने प्रत्येक स्थानीय तहबाट फोहोर परिमाण र प्रकृतिका आधारमा वित्तीय साझेदारी गर्न पहल गर्ने नीतिमार्फत स्पष्टरूपमा घोषणा गरिसकेको छ । *रासस*

# शंकास्पद 'एप डाउनलोड' नगर्न साइबर ब्युरोको आग्रह

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीको साइबर ब्युरोले विश्वकप फुटबल २०२६ हेर्न सकिने भन्दै प्रचार गरिएका अनावश्यक तथा शंकास्पद 'एपहरू डाउनलोड' तथा 'इन्स्टल' नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

ब्युरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक दिलीपकुमार गिरीद्वारा जारी विज्ञप्तिमा पछिल्लो समय सामाजिक सञ्जाल तथा विभिन्न 'अनलाइन' माध्यममार्फत विश्वकप २०२६ हेर्न सकिने भन्दै 'एण्ड्रोइड एप इन्स्टल' गर्न लगाउने, विभिन्न प्रकारका अनुमति माग्ने र त्यसको दुरूपयोग गरी मोबाइल बैंकिङ एप ह्याक गरेर आर्थिक ठगी गर्ने गतिविधि बढ्दै गएको उल्लेख गरिएको छ ।

साइबर ब्युरोले एपिके, इएक्सइ, बट, इएचलगायत अनावश्यक तथा अपरिचित फाइलहरू डाउनलोड गरी इन्स्टल नगर्न सचेत पनि गराएको छ । साथै बैंक तथा वित्तीय संस्थाहरूको आधिकारिक सूचना र निर्देशनका आधारमामात्र बैंकिङ प्रणाली 'अपडेट' गर्न अनुरोध गरिएको छ ।

ब्युरोले यस विषयसँग सम्बन्धित सचेतनामूलक सामग्रीहरू आफ्नो आधिकारिक 'फेसबुक पेज'मार्फत सार्वजनिक गरिरहेको जनाएको छ । विश्वकप फुटबलको नाममा हुने साइबर ठगीबाट जोगिन सर्वसाधारणलाई सचेत रहन र आवश्यक जानकारी आधिकारिक स्रोतबाट मात्र प्राप्त गर्न आग्रह गरिएको छ ।

# स्वास्थ्य बिमाको थप ९१ करोड १८ लाख भुक्तानी गरिँदै

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा बोर्डले देशका विभिन्न २०२ सेवा प्रदायक अस्पताललाई बिमा भुक्तानीका लागि थप ९१ करोड १८ लाख ९४ हजार रूपैयाँ भुक्तानी गर्ने प्रक्रिया अगाडि बढाएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य बिमा तथा विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत बाँकी दायित्व भुक्तानीलाई प्राथमिकतामा राख्दै रकम निकासा सहजीकरण गरिरहेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीका अनुसार यसअघि गत जेठको दोस्रो साता स्वास्थ्य बिमा दाबीबापत एक अर्ब तीन करोड २४ लाख ७७ हजार रूपैयाँ भुक्तानी गरिएको थियो । उनका अनुसार गत जेठ २१ गते विपन्न नागरिकको औषधि उपचार खर्चबापत ३२ करोड १३ लाख रूपैयाँ निकासा गरिएकामा सोही महिनाको २७ गते थप २७ करोड ३७ लाख ७८ हजार रूपैयाँ भुक्तानी गरियो ।

गत मंसिरसम्मको बिमा दाबीमध्ये भुक्तानी दिन बाँकी सात अर्ब रूपैयाँ र पुसदेखि असारसम्मको साढे १४ अर्ब रूपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । सहप्रवक्ता अधिकारीका अनुसार सरकारले विगतका वर्षदेखि बाँकी रहेको बिमा दाबी तथा विपन्न नागरिकको औषधि उपचारसम्बन्धी रकम भुक्तानीलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक स्रोत व्यवस्थापन र भुक्तानी प्रक्रियालाई तीव्रता दिएको छ ।

# नापी कार्यालय चावहिलका अमिन खत्री घूससहित पक्राउ

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नापी कार्यालय चावहिल २ नम्बर नापी टोलीका अमिन टोपजङ खत्रीलाई घूस लिएको रकमसहित पक्राउ गरेको छ ।

आयोगको टोलीले जग्गा हालसाविक गरी जग्गाधनी पूर्जा बनाइदिन सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग लिएको ६० हजार रूपैयाँसहित मंगलबार पक्राउ गरेको जानकारी दिएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार सेवाग्राहीसँग घूस माग गरेको भन्ने सूचनाका आधारमा आयोगबाट टोली खटाइएको थियो । अमिन खत्रीलाई घूसबापतको रकम लिइसकेको अवस्थामा गोकर्णेश्वर नगरपालिका–४ माकालबारीस्थित कार्यालय परिसरबाट नियन्त्रणमा लिइएको उनले बताए । पक्राउ परेका खत्रीमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको ३५ दिने सूचना**

प्रकाशित मिति २०८३/०३/०३ गते

यस कार्यालयमा मिति २०८२/०२/०४ मा दर्ता भएको **वीरगंज नेपाल इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३६६८६९)**, वीरगंज महानगरपालिका-१६, पर्सा (प्यान नम्बर ६२२३६१८५९) नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**कुवेतमा रोजगार** कम्पनी : **TWENTY EIGHT LADY BEAUTY SALON COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०८/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/02 | LT. No. 334762 | चलानी नं. ६०२४८४४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 200 | ९८,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इ.प.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com



**कतारमा रोजगार** कम्पनी : **AL BATOL BEAUTY CENTER**

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/02 | LT. No. 334712 | चलानी नं. ६०२४८८३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 2200 | ९१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HENNA APPLICATOR | 0 | 1 | 2200 | ९१,५९५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET **Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



**मलेसियामा रोजगार** कम्पनी : **HIN LIM FURNITURE MANUFACTURER SDN. BHD**

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343396 | चलानी नं. ६०२५६८७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 7 | 0 | 1700 | ६३,४७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १० गते (24th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Man bir Khatri 9849548340
श्रम इजाजत नं. ८९८/०६७/०६८



**तपशिलमा उल्लेखित ऋणीहरूको नामको कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८३/०१/२४**
**दोस्रोपटक प्रकाशित मिति : २०८३/03/03**

तपशिलमा उल्लेखित ऋणीहरूको धितो कर्जा शिर्षक अन्तर्गत लिएको ऋण कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत यस संस्थासंग गरेको सर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नवुझाएको हुंदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा सम्झौता बमोजिम शर्त तथा बन्देज उल्लंघन गरेकोले कर्जा चुक्ता गर्नको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पुर्ण साँवा, ब्याज र अन्य दस्तुर समेत चुक्ता भुक्तान गर्नु होला । यदि संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जा तिरे बुझाएको भए सो को प्रमाण समेत पेश गर्नु होला । अन्यथा संस्थासंग गरेको कर्जा सम्झौंता बमोजिम संस्थाले सम्पूर्ण बक्यौता असुल उपर सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा हाल संसोधित कानुनी व्यवस्था बमोजिम र संस्थाको ऋण नीति २०७९ (संशोधन सहित) को बमोजिम आवश्यक कानुनी प्रक्रिया अगाडि बढाईने व्यहोरा धितो लेखी दिने र व्यक्तिगत जमानी दिनु हुने सम्पुर्ण महानुभावहरूले समेत यसै सूचनाबाट जानकारी लिनु हुन सूचित गरिन्छ ।

| क्र.स. | ऋणीको नाम, थर तथा वतन | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|
| ३. | **नाम : मुना माया बज्यु तामाङ** <br>श्रीमान :- सेर बहादुर बज्यु<br>ससुराको नाम : चन्द्रमान बज्यु<br>छोराको नाम : अमृत बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक<br>जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.९<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल<br>ना.प्र.नं ९४१, काभ्रेपलान्चोक | **नाम : अमृत बज्यु** <br>बुबाको नाम :- सेर बहादुर बज्यु<br>बाजेको नाम : चन्द्रमान बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक<br>जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा ., वडा नं. ७, चावहिल<br>ना.प्र.नं -३०१०२४/१६०५६२, काभ्रेपलान्चोक<br><br>**नाम : मिनामाया बज्यु** <br>बुबाको नाम :- सेर बहादुर बज्यु<br>बाजेको नाम : चन्द्रमान बज्यु<br>स्थायी ठेगाना : काभ्रेपलान्चोक<br>जिल्ला, च्यासिंखर्क गा.वि.स.वडा नं.८<br>हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७, चावहिल<br>ना.प्र.नं -३०३०२४/१२, काभ्रेपलान्चोक |

**गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही, चण्डोल काठमाडौं, फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६, Email : goretosave@gmail.com



**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८३ साल असार महिना ३ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय बेलबारीबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

शिवलाल पौडेलको नाति गणेश प्रसाद पौडेलको छोरा मोरङ्ग जिल्ला पथरी गा.वि.स. वडा नं. ८ हाल, सुन्दरहरैचा न.पा. वडा नं. ६ बस्ने **जिवन कुमार पौडेल** (ना.प्र.नं. : ९२८३ जारी मिति र जिल्ला : २०५९/०८/२४, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

गणेश प्रसाद पौडेलको बुहारी जिवन कुमार पौडेलको पत्नी सुनसरी जिल्ला बराहक्षेत्र वडा नं. ४ हाल, मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा. वडा नं. ६ बस्ने **प्रभा बराल** (ना.प्र.नं. : २१७८३/१३१८/०४४ जारी मिति र जिल्ला : २०६०/०८/०७, सुनसरी)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८२ साल मंसिर महिना ११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८२ साल चैत महिना ६ गतेको उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| जिवन कुमार पौडेल | मोरङ्ग जिल्ला दुलारी वडा नं. ६ | ६ख | १९२६ | २८७.५५ |
| | | | १९३३ | १६९.३० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असार महिना १७ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय बेलबारी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना १८ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय बेलबारीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# श्रमिकमाथि नथोपरियोस् आर्थिक भार

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरू लामो समयदेखि चर्को आर्थिक शोषण र प्रशासनिक उदासीनताको चक्रमा फसिरहेका छन् । यसै पृष्ठभूमिमा युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारीका लागि सेवा शुल्क निर्धारण गर्न कार्यदल गठन गरी सरोकारवालाहरूसँग छलफल सुरु गर्नु सकारात्मक कदम हो । सेवा शुल्कलाई व्यवस्थित र पारदर्शी बनाउने माग वैदेशिक रोजगार व्यवसायीहरूले लामो समयदेखि उठाउँदै आएका थिए भने अर्कोतर्फ श्रमिकहरू म्यानपावर कम्पनीहरूको मनोमानी असुलीबाट आक्रान्त थिए । ढिलै भए पनि सरकारले यो विषयलाई नीतिगत रूपमा सम्बोधन गर्न थालेको छ, जुन स्वागतयोग्य छ । तर, यो प्रक्रियामा सरकारको मुख्य प्राथमिकता श्रमिकको हित र उनीहरूको आर्थिक सुरक्षा हुनुपर्छ ।

विगतको इतिहास हेर्ने हो भने सरकारले राम्रो नीति बनाए पनि कार्यान्वयनमा निकै कमजोर देखिँदै आएको छ । खाडी मुलुक र मलेसिया जाने श्रमिकका लागि सरकारले 'फ्रि भिसा, फ्रि टिकट' को आकर्षक नारा र प्रावधान लागू गरेको वर्षौं भइसकेको छ । तर, यो व्यवस्था कागजमामात्रै सीमित रह्यो । व्यवहारमा आज पनि सामान्य श्रमिकहरू मलेसिया वा खाडी जानका लागि एक लाखदेखि तीन लाख रूपैयाँसम्म तिर्न बाध्य छन् । दुःखको कुरा, उनीहरूलाई रकम बुझाएको आधिकारिक रसिदसमेत दिइँदैन, जसका कारण शोषणमा परेका श्रमिकहरूले कतै उजुरी गर्ने आधारसमेत पाउँदैनन् । अवैधरूपमा लाखौं रकम असुल्ने यो धन्दा मन्त्रालय र सम्बद्ध निकायहरूलाई थाहा नभएको पक्कै होइन । नियामक निकायको फितलो अनुगमन र दण्डहीनताका कारण नै दलाल र म्यानपावर व्यवसायीहरूको मनोमानी चलिरहेको हो ।

यस्तो अवस्थामा बन्न लागेको नयाँ सेवा शुल्क निर्धारण नीति केवल व्यवसायीहरूको दबाब र नाफालाई मात्र केन्द्रित गरेर तयार गरिनु हुँदैन । यदि श्रमिकलाई अतिरिक्त भार पर्ने गरी वा उनीहरूको ढाड सेकिनेगरी शुल्क तोकियो भने त्यसले 'राज्यले नै शोषणलाई कानुनी मान्यता दिएको' ठहर्ने छ । वैदेशिक रोजगारीमा जाने बहुसंख्यक युवाहरू गाउँघरमा चर्को ब्याजमा ऋण काढेर वा खेतबारी धितो राखेर बाहिरिने गर्छन् । उनीहरूले विदेशमा पसिना बगाएर पठाएको रेमिटचान्सले देशको अर्थतन्त्र धानिएको छ । देशको मेरुदण्डका रूपमा रहेका तिनै श्रमिकलाई सुरुआती चरणमै मोटो रकमको भार थोपर्नु कुनै पनि हालतमा न्यायसंगत हुँदैन ।

अबको बाटो भनेको वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष परिमार्जन र संशोधन गर्नु हो । ऐनलाई पूर्णरूपमा श्रमिकमैत्री बनाउँदै सेवा शुल्कको सीमा स्पष्ट, पारदर्शी र वैज्ञानिक ढंगले तोकिनुपर्छ । तोकिएको शुल्क बैंकमार्फत मात्र कारोबार हुने बाध्यकारी व्यवस्था गरिनुपर्छ, जसले गर्दा भित्रभित्रै हुने अवैध नगद लेनदेन पूर्णतः बन्द होस् ।

कार्यदलले व्यवसायीका कुरा सुन्दै गर्दा खाडीमा पसिना बगाइरहेका र म्यानपावरको ढोकामा ठगिएका श्रमिकहरूको आँसुलाई बिर्सनु हुँदैन । नीति बनाउनु एउटा पाटो हो, तर त्यसको कठोर र इमानदार कार्यान्वयन मुख्य चुनौती हो । तसर्थ, सरकारले अब बन्ने शुल्क निर्धारणको व्यवस्थालाई कडाइका साथ पालना गराउन एक शक्तिशाली अनुगमन संयन्त्र पनि बनाउनुपर्छ । श्रमिक सुरक्षित र आर्थिक रूपमा शोषित नहुने वातावरण बनेमात्रै वैदेशिक रोजगारी मर्यादित बन्न सक्छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।

# उपेक्षामा आँखाको हेरचाह



❑ प्रा.डा. डिबी कार्की

> आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक आँखाको जाँच गराउने गर्नुपर्छ । दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाह्रो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सककहाँ जानुपर्छ । चस्मा वा लेन्स प्रयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ । चस्मा प्रयोगकर्ताले सधैँ सफा कपडाले पुछ्नुपर्छ भने अरूको चस्मा वा लेन्स प्रयोग गर्नुहुँदैन । अभिभावकले बालबालिकाको आँखाको हेरचाहमा विशेष ध्यान दिन आवश्यक हुन्छ ।

सर्वविदितै छ, जीवनमा आँखाको महत्त्व अवर्णनीय छ । जीवन र जगत् देख्नका लागि अत्यावश्यक आँखाको हाम्रो जीवनमा सर्वोपरि महत्त्व छ ।

आँखा अत्यन्त सम्वेदनशील अंग पनि हो, यसको हेरचाह र रक्षाका सन्दर्भमा उच्च संवेदनशीलता अपनाउन आवश्यक छ । पछिल्लो समय साना बालबालिकादेखि वयस्क र वृद्धावस्थाका मानिसले मोबाइल, कम्प्युटर र टिभीको प्रयोग अधिक गरेसँगै आँखामा अनेक समस्या आउने गरेको छ । उद्योग, कलकारखाना, कृषिलगायत विभिन्न क्षेत्रमा काम गर्ने व्यक्ति तथा खेलाडीले आँखामा हुने चोटपटकको समयमै आवश्यक सावधानी र उपचार नगर्दा जीवनभर अन्धकारमा बस्नुपर्ने हुन्छ । कतिपय रोगका बिरामीले पनि आँखाको स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ ।

यी विभिन्न अवस्थामा कसरी आँखालाई सुरक्षित र दृष्टि शक्तिलाई कायमै राख्न सकिन्छ भन्नेबारेमा यसलेखमा केही सावधानीका उपायका बारेमा उल्लेख गरिएको छ । लामो समयसम्म मोबाइल, कम्प्युटर र टिभीको स्क्रिन हेर्दा आँखा थाक्ने, पोल्ने र टाउको दुख्ने समस्या हुने हुँदा २०-२०-२० नियम अपनाउन सकिन्छ अर्थात् हरेक २० मिनेट, २० फिट टाढाको वस्तु २० सेकेण्डका लागि हेर्ने बानी बसाल्न सकिन्छ । साथै, स्क्रिन आँखाबाट एक हात टाढा राख्ने, धेरै चम्किलो स्क्रिन प्रयोग नगर्ने, अँध्यारोमा मोबाइल प्रयोग गर्नुहुँदैन । त्यस्तै घाम, धूलो र धुवाँबाट जोगिनुपर्छ, घाममा निस्कँदा धुप चस्मा वा टोपी लगाउँदा आँखालाई दबाब पर्दैन । फलाम वेल्डिङको उज्यालो र घामलाई नांगो आँखाले हर्दा पनि आँखाको दृश्य शक्ति ह्रास हुन्छ ।

धूलो हुने ठाउँमा काम गर्नुपर्दा आँखाको सुरक्षाका लागि सुरक्षात्मक चस्मा लगाउनुपर्ने हुन्छ । सामान्यतः दिनमा एक-दुई पटक सफा पानीले अनुहार र आँखा पखाल्ने बानीले आँखामा धूलो, धुवाँको संक्रमण हुन पाउँदैन । आँखा पोल्यो वा धूलो पऱ्यो भने धेरैले हात वा अन्य कुनै वस्तुले मिच्ने वा घोट्ने गर्छन् । यसो गर्नु हुँदैन, सफा पानीले विस्तारै पखाल्नुपर्छ । सफा पानीले सफा हात वा नरम कपडाले आँखा सफा गर्नुपर्छ । पढ्दा वा लेख्दा सही बत्ती प्रयोग गरिएमा आँखालाई बोझ पर्दैन । धेरै तेज वा धमिलो नभएको बत्तीमा पढ्दा वा लेख्दा पर्याप्त प्रकाश हुनुपर्छ । सुतिरहेका अवस्थामा वा सवारीसाधन हिँड्दा पढ्न वा मोबाइल चलाउने राम्रो होइन । आँखा थाकेपछि आराम दिनुपर्छ । आँखालाई आराम दिन दैनिक सात-आठ घण्टा सुत्नुपर्छ । लामो समय काम गरेपछि केही मिनेटका लागि आँखालाई बन्द गरेर विश्राम दिनुपर्छ ।

आँखाको स्वास्थ्यका लागि केही गलत बानी त्याग्नुपर्छ । अन्य स्वास्थ्यको जस्तै आँखाको स्वास्थ्यका लागि पनि धुमपानको आदत हुनुहुँदैन । यसले आँखाको नसामा असर गर्छ । रक्सीको सेवनले आँखालाई सुक्खा र कमजोर बनाउने हुँदा यसबाट टाढै बस्नु राम्रो हुन्छ । आँखा बिझाउने वा पोल्नेबित्तिकै डाक्टरको सल्लाहविना नै आइ-ड्रपलगायत आँखाको औषधि प्रयोग गर्नुहुँदैन ।

आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक आँखाको जाँच गराउने गर्नुपर्छ । दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाह्रो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सककहाँ जानुपर्छ । चस्मा वा लेन्स प्रयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ । चस्मा प्रयोगकर्ताले सधैँ सफा कपडाले पुछ्नुपर्छ भने अरुको चस्मा वा लेन्स प्रयोग गर्नुहुँदैन । अभिभावकले बालबालिकाको आँखाको हेरचाहमा विशेष ध्यान दिन आवश्यक हुन्छ ।

### बालबालिकाको आँखाको स्वास्थ्य

बालबालिकालाई गाजर सागपात, अण्डा, दूध, आँप, कागती, गोलभेँडा, माछाजस्ता स्वस्थ खाना खुवाउनुका साथै पर्याप्त पानी पिउन प्रेरित गर्नुपर्छ । भिटामिन ए, सी र ई युक्त खानेकुराले आँखालाई बलियो र स्वस्थ राख्न मद्दत गर्छ । उनीहरूलाई धेरैबेर मोबाइल वा टिभी हेर्न दिनु हुँदैन, यसले आँखा पोल्ने, थाक्ने र टाउको दुख्ने समस्या आउँछ । बच्चालाई २०-२०-२० नियम अर्थात् हरेक २० मिनेटमा २० फिट टाढाको वस्तु २० सेकेण्ड हेर्ने बानी लगाउनुपर्छ । स्क्रिन धेरै नजिक राख्न र अँध्यारोमा मोबाइल चलाउन दिनुहुँदैन । बच्चाको आँखालाई धूलो र घामबाट बचाउन बाहिर खेल्दा टोपी वा धुप चस्मा लगाइदिने, धूलो वा धुवाँ हुने ठाउँमा लामो समय खेल्न नदिने, बच्चालाई आँखामा धूलो वा किरा आँखामा परेमा मिच्न सिकाउनु हुँदैन । जथाभावी आँखा मिच्दा आँखामा संक्रमण हुनसक्छ । साबुनपानीले हात धुन सिकाउने, सफा पानीले आँखा पखाल्न लगाउनुपर्छ ।

साथै, अरूसँग रुमाल, टाबेल वा तकिया साटेर प्रयोग गर्न दिनुहुँदैन । पढ्ने ठाउँमा पर्याप्त र मृदु प्रकाशको व्यवस्था मिलाउनुपर्छ । अँध्यारोमा वा सुतिरहेका अवस्थामा पढ्न दिनुहुँदैन । पढ्दा आँखाबाट करिब एक फिट टाढा किताब राख्ने बानी बसाल्नुपर्छ । बच्चालाई दैनिक केही समय खेल्न दिएमा यसले आँखाको दृष्टि प्राकृतिकरूपमा सुदृढ बनाउँछ ।

क्रिकेट, फुटबल, ब्याडमिन्टनजस्ता खेलमा सुरक्षात्मक चस्मा लगाउन दिनुपर्छ । धारिलो वा सिसाजन्य खेलौना खेल्न दिनुहुन्न । बच्चाले दैनिक सात-नौ घण्टा राम्रोसँग सुत्नुपर्छ । लामोसम्म पढेपछि वा टिभी हेरेपछि आँखालाई केहीबेर आराम गर्न लगाउनुपर्छ । कुनै समस्या नदेखिए पनि हरेक एक-दुई वर्षमा बच्चाको आँखा परीक्षण गराउनुपर्छ । बच्चाले किताब वा टिभी नजिकै हेर्छ भने, बारम्बार आँखामा हात लगाउँछ वा मिच्छ भने, दृष्टि धमिलो भएको गुनासो गर्छ भने आँखाको दिशा फरक दखिन्छ भने तुरुन्त नेत्र चिकित्सककहाँ लैजानुपर्छ ।

### औद्योगिक क्षेत्रमा काम गर्नेले ध्यान दिनुपर्ने कुरा

औद्योगिक क्षेत्रमा काम गर्ने कामदार आँखामा चोटपटक वा धूलो धुवाँबाट बढी प्रभावित हुन्छन् । काम गर्दा धूलो, धातुका टुक्रा, रासायनिक पदार्थ वा चिंगारीले आँखामा चोट पुऱ्याउन सक्छ । त्यसैले उनीहरूले आँखाको हेरचाहका लागि काम गर्दा फिल्टर भएको हेल्मेट र सुरक्षा चस्मा लगाउनुपर्छ भने वेल्डिङ, ग्राइल्डिङ, काट्ने वा पेन्ट गर्ने काममा विशेष चस्मा प्रयोग गर्नुपर्छ । वेल्डिङको तेज प्रकाशले आँखामा 'वेल्डर बर्न' नामको जलन ल्याउँछ ।

पेन्ट, एसिड, सोल्भेन्ट, ग्रीस, वा अन्य केमिकलहरू आँखामा परेमा तुरुन्त सफा पानीले १०-१५ मिनेटसम्म पखाल्नुका साथै तुरुन्त नेत्र चिकित्सककहाँ तुरुन्त जानुपर्छ । सुरक्षात्मक मास्क र चस्मा लगाएर रासायनिक पदार्थ प्रयोग गरेका सम्भावित जोखिम कम हुन्छ । अँध्यारोमा वा छायाँमा काम गर्दा आँखामा बढी चाप पर्ने हुँदा पर्याप्त बत्ती भएको ठाउँमा काम गर्नुपर्छ । काम गर्दा धूलो र धुवाँ बढी हुने ठाउँमा भेन्टिलेसन राम्रो भएको ठाउँ रोज्नुपर्छ । आँखामा धूलो धातुका टुक्रा वा रासायनिक पदार्थ परेमा आँखा मिच्नुहुँदैन । तुरुन्त सफा पानीले पखाल्नुहोस् । यसपछि नजिकको स्वास्थ्य केन्द्र वा नेत्र चिकिल्सकलाई देखाउनुपर्छ । सामान्य हो भनेर पर्खिनु कहिल्यै हुँदैन । सानो चोटले पनि ठूलो समस्या ल्याउन सक्छ । औद्योगिक क्षेत्रमा काम गर्ने व्यक्तिले हरेक छ महिनामा एकपटक आँखाको जाँच गराउने तथा दृष्टि धमिलो, पोल्ने, रातो हुने वा पानी आउने समस्या भएमा तुरुन्त नेत्र विशेषज्ञलाई देखाउनुपर्छ ।

### खेलाडीले अपनाउनुपर्ने सतर्कता

खेलकुदका क्रममा प्रयोग हुने खेल सामग्री अन्य खेल उपकरणले आँखामा चोट पुऱ्याउन सक्छ । क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, बास्केटबल, फुटबल, रग्बी खेलमा आँखाको सुरक्षा अनिवार्य छ । त्यसैले खेलको प्रकारअनुसार सुरक्षात्मक चस्माको प्रयोग गर्नुपर्छ । घाममा खेल्दा सूर्यको हानिकारक किरणबाट बच्न धुप चस्मा लगाउनुपर्छ । धूलो र हावावालो ठाउँमा खेल्दा आँखा पोल्ने पानी आउने र रातो हुने समस्या हुनसक्ने भएकाले टोपी वा हेडब्याण्ड लगाउने गर्नुपर्छ । खेलाडीले आफ्नो आँखा स्वस्थ राख्न केही सावधानी अपनाउनुपर्ने हुन्छ ।

जस्तैः खेलपछि हात सफा नगरी आँखामा नछुने, पसिना वा धूलो आँखामा परेमा सफा पानीले पखाल्ने, रुमाल वा टावल अरूसँग साटेर प्रयोग नगर्ने । बल, औंला वा कुनै वस्तुले आँखामा चोट लाग्दा भित्री चोट लाग्नसक्छ । तुरुन्त ठण्डा पानी वा बरफले सेक्ने र त्यसलाई बेवास्ता नगरी नेत्र चिकित्सककहाँ जानुपर्छ ।

कन्टचाक्ट लेन्स प्रयोग गरेका खेलाडीले थप सावधानी अपनाउनुपर्ने हुनसक्छ । खेल्दा पसिना वा धूलोका कारण कन्टचाक्ट लेन्स बिग्रिन सक्छ । सम्भव भएसम्म स्पोर्टस् गगल्स प्रयोग गर्ने र लेन्स प्रयोग गर्दा हरेकपटक सफा हातले लगाउने र निकाल्ने बानी बसाल्नुपर्छ । अँध्यारो वा अत्यधिक तेज बत्ती भएको मैदानमा खेल्दा आँखामा तनाव आउने हुँदा उचित प्रकाश भएको ठाउँमा खेल्नुपर्छ, जसबाट वस्तु स्पष्ट देखियोस् ।

आँखाको शक्ति बढाउन गाजर, सागपात, आँप, सुन्तला, अण्डा, माछा, दूधजस्ता खानेकुराले भिटामिन ए, बी, सीले दृष्टि समृद्ध तुल्याउँछ । खेलपछि शरीरमात्र होइन, आँखालाई पनि विश्राम चाहिन्छ । राति सात-आठ घण्टा सुत्नुहोस ताकि आँखाले पनि पुनः शान्ति पाओस् । लामो समयको अभ्यासपछि केहीबेर आँखा बन्द गरेर विश्राम लिने गर्नुपर्छ । खेलाडीहरूले हरेक वर्षमा कम्तीमा एकपटक आँखाको परीक्षण गराउनुपर्छ । दृष्टि धमिलो भएमा, आँखा पोलेमा, पानी आउने वा दोहोरो देखिने समस्या भए तुरुन्त नेत्र चिकित्सकहाँ सम्पर्क गर्नुपर्छ ।

### विभिन्न रोगका बिरामीले दिनुपर्ने ध्यान

अधिकांश मानिस विभिन्न सर्ने वा नसर्ने खालका रोगबाट पीडित हुन्छन् । त्यस्ता बिरामीले आफूलाई लागेको रोगको उपचारसँगै त्यसले आँखामा पार्नसक्ने जटिलता हुन नदिन विशेष सावधानी अपनाउनुपर्ने हुन्छ । यहाँ केही रोगका बिरामीले दिनुपर्ने ध्यानका बारेमा उल्लेख गरिएको छ ।

### मधुमेहका बिरामीले दिनुपर्ने ध्यान

लामो समय उच्च मधुमेहको समस्यामा जेलिँदा आँखाका साना नसा बिग्रन्छन् । यसलाई डाइबेटिक रेटिनोप्याथी भनिन्छ । यसले मधुमेहका बिरामीको दृष्टि हराउन सक्छ । सर्वप्रथम त उनीहरूले चिनी, रक्तचाप र कोलेस्ट्रोल नियन्त्रणमा राख्नुका साथै नियमितरूपमा औषधि र खानामा ध्यान दिनुपर्छ । दृष्टि धमिलो हुने, कालो डाबर देखिने वा उज्यालोमा समस्या देखिए तुरुन्त डाक्टरलाई देखाउनुपर्ने हुन्छ । दृष्टि ठीक भए पनि वर्षको एकपटक आँखाको जाँच गराउनु आवश्यक हुन्छ । यदि आँखामा समस्या देखिएको छ भने तीन-छ महिनामा नेत्र चिकित्सककहाँ जानुपर्ने हुन्छ ।

### रक्तचाप भएका बिरामीले दिनुपर्ने ध्यान

रक्तचाप बढी हुँदा आँखाका नसामा असर पर्छ जसलाई 'हाइपरटेन्सिभ रेटिनोप्याथी' भनिन्छ । यस्ता बिरामीले आफ्नो रक्तचाप नियमितरूपमा नाप्नुहोस् र औषधि समयमा लिने, नुन कम खानुहोस्, तनाव घटाउने र नियमित व्यायाम गर्नुपर्छ । आँखामा परिवर्तन देखिएको छ भने छ महिनामा एकपटक र सामान्य अवस्थामा पनि बिरामीले प्रत्येक एक-दुई वर्षमा आँखाको जाँच गराउनुपर्छ ।

### क्षयरोगका बिरामीले दिनुपर्ने ध्यान

कुनै-कुनै औषधि जस्तैः इथामबुटोलले आँखाको नसामा असर पारी दृष्टि धमिला बनाउन सक्छ । त्यसैले यस्ता औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउनुपर्छ । उपचारका क्रममा दृष्टि धमिलो हुने, रङ देख्न गाह्रो भएमा वा आँखामा दुखाई भएमा तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाउनुपर्छ । यस्तो अवस्थामा औषधि आफैं रोक्न हुन्न । यस्ता बिरामीले औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउने, बीचमा पनि महिनामा एकपटक दृष्टि जाँच गर्दा राम्रो हुन्छ भने उपचार समाप्त भएपछि अन्तिम जाँच गराउँदा जटिलता आउन पाउँदैन ।

### गठियाका बिरामीका लागि

गठिया रोगले कहिलेकाहीँ आँखामा युभेटिइस सुजन वा कण जम्मा हुने समस्या ल्याउनसक्छ । यस्ता बिरामीले युरिक एसिड नियन्त्रणमा राख्ने, प्रशस्त पानी पिउने, रातो मासु, रक्सी र माछा कम खाने गर्नुका साथै आँखामा रातोपन आएमा, आँखा पोलेमा वा दृष्टि धमिलो भएमा तुरुन्त जाँच गराउनुपर्छ । रोग नियन्त्रणमा भइसकेका अवस्थामा पनि वर्षमा एकपटक आँखाको जाँच गराउन र आँखामा कुनै समस्या देखापरेमा तुरुन्त नेत्र विशेषज्ञकहाँ जानुपर्छ ।

*(वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. कार्कीसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

## पाठक मञ्च

# कांग्रेसलाई फुटबाट जोगाउन आह्वान

नेपाली कांग्रेसभित्र चुलिँदै गएको आन्तरिक कलह, गुटबन्दी र विराटनगर भेलासम्म आइपुग्दा देखिएको विभाजनको स्पष्ट रेखाले आम लोकतन्त्रवादी नागरिक र पुराना कार्यकर्तालाई गम्भीररूपमा चिन्तित तुल्याएको छ । जेन-जी विद्रोह र त्यसपछिको विशेष महाधिवेशनले पार्टीमा जुन नयाँ ऊर्जा र पुस्तान्तरणको संकेत गरेको थियो, आज त्यो आन्तरिक सत्ता र प्रतिशोधको खेलमा अल्झिन पुगेको छ । अदालत र निर्वाचन आयोगबाट वैधानिकताको निरूपण भइसकेपछि पनि नेताहरू असमझदारीको सडक प्रदर्शनमा लाग्नु र 'पार्टी फुट्न तयार छ' भन्नेजस्ता गैरजिम्मेवार अभिव्यक्ति आउनु निकै दुर्भाग्यपूर्ण छ ।

नेपाली कांग्रेस केवल एउटा राजनीतिक दलमात्र होइन, यो मुलुकको लोकतान्त्रिक आन्दोलनको संवाहक र धरोहर पनि हो । बितेका सात दशकमा कांग्रेसले अनेकौं आरोह-अवरोह र विभाजनका पीडाहरू भोगेको छ । विगतको इतिहास साक्षी छ- जबजब कांग्रेस कमजोर भएको छ वा विभाजित भएको छ, तबतब समग्र मुलुकको लोकतन्त्र, राजनीतिक स्थिरता र संविधानमाथि नै संकट मडारिएको छ । अहिलेको राष्ट्रिय परिस्थिति र आर्थिक चुनौतीहरूकाबीच देशकै सबैभन्दा पुरानो र ठूलो दल यसरी आन्तरिक किचलोमा फस्नु भनेको नागरिकका एजेण्डालाई अलपत्र छाड्नु हो ।

वर्तमान सभापति गगन थापा र असन्तुष्ट पक्षका नेता शेरबहादुर देउवा, डा. शेखर कोइरालालगायतका शीर्ष नेतृत्वले के बुझ्न जरुरी छ भने, पार्टीभित्र विचारको विविधता हुनु लोकतन्त्रको सुन्दरता हो, तर त्यसैलाई प्रतिष्ठाको लडाइँ बनाएर संगठन नै ध्वस्त पार्नु राजनीतिक अपराध हो । क्रियाशील सदस्यताको व्यवस्थापन, आन्तरिक लोकतन्त्रको रक्षा र पुराना कार्यकर्ताको सम्मानजस्ता सवालहरू सडक वा आमसभाबाट होइन, सानेपाको केन्द्रीय कार्यालयमा बसेर संवादको माध्यमबाट हल गरिनुपर्छ । कृष्णप्रसाद सिटौलाले भनेझैं नेतृत्वले दृढ इच्छाशक्ति र साहस देखाउने हो भने यो विवाद समाधान हुन १० मिनेट पनि लाग्दैन ।

संस्थापनपक्षले अदालतको वैधानिकतालाई मात्र आफ्नो ढाल बनाउनु हुँदैन, बरु इतर पक्षलाई पनि समेटेर अघि बढ्ने उदारता देखाउनुपर्छ । अर्कोतर्फ, असन्तुष्ट पक्षले पनि अहंकार र धम्कीको राजनीति त्यागेर रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ । गाउँ-गाउँमा रहेका लाखौं इमानदार कार्यकर्ता, जसले निरंकुशताविरुद्धको लडाइँमा रगत-पसिना बगाए, उनीहरूको भावनामाथि खेलबाड गर्ने अधिकार शीर्ष नेताहरूलाई छैन ।

अतः बेलैमा चेत खुलोस् । अहंकार, गुटगत स्वार्थ र निषेधको राजनीतिलाई त्यागेर संवाद र सहमतिको टेबलमा आउन म सिंगो कांग्रेस नेतृत्वलाई जोडदार आह्वान गर्दछु । कांग्रेसलाई फुटबाट जोगाउनु आजको राष्ट्रिय आवश्यकता र लोकतन्त्रको हितमा छ ।

**अविरल अधिकारी**
*कांग्रेस शुभेच्छुक, विराटनगर*



**करु सफा गर्दै किसान** | मनाङको चामे गाउँपालिका–२ स्थित थानचोकका किसान करु घर लैजान सफा गर्दै । करु मनाङको रैथाने बाली हो । *तस्बिरः रासस*

# मुस्ताङका होटल र पसलमा अनुगमन



**मुस्ताङ–** जिल्ला सदरमुकाम जोमसोमका होटल तथा पसलमा छड्के बजार अनुगमन गरिएको छ । घरपभ्mोङ गाउँपालिका कार्यालयको नेतृत्वमा विभिन्न सरोकारवाला निकायले संयुक्तरूपमा बजार मुस्ताङको पर्यटकीय केन्द्र जोमसोम बजार क्षेत्रमा मंगलबार छड्के अनुमगन गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको टोलीले घरपभ्mोङ–३ जोमसोमस्थित पुथाङ एयरपोर्ट बजार क्षेत्रमा छड्के अनुगमन गरेको थियो । गाउँपालिका उपाध्यक्ष जमुना थकालीको नेतृत्वमा पुथाङ एयरपोर्ट बजार क्षेत्रका २५ भन्दा बढी होटल तथा किराना र खाद्यान्न पसलहरूमा आकस्मिक छड्के अनुगमन गरिएको गाउँ कार्यपालिका सदस्य भिषण थकालीले जानकारी दिए ।

धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङको सदरमुकाम तथा सबैभन्दा बढी पर्यटकको चहलपहल हुने मुख्य केन्द्र पुथाङ एयरपोर्ट क्षेत्रमा गाउँपालिकाले आकस्मिक छड्के अनुगमन गरिएको हो । पर्यटकीय यामसमेत भएकाले मुस्ताङ आएका पर्यटक तथा सर्वसाधारण नागरिकको स्वास्थ्य रक्षाका लागि बजार अनुगमन गरिएको उपाध्यक्ष थकालीले बताइन् । म्याद गुज्रिएका अखाद्य पदार्थ तथा वस्तुले मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउन सक्ने भएकाले गाउँपालिकाको अगुवाइमा छड्के अनुमगन गरिएको उपाध्यक्ष थकालीको भनाइ छ ।

घरपभ्mोङ गाउँपालिकाले २०८० सालदेखि गाउँपालिकाभित्रका व्यापारिक प्रतिष्ठानहरूमा सिसाका बोतलमा 'ब्राण्डिङ' गरिएको मदिराजन्य बियर बिक्री वितरण गर्न प्रतिबन्ध लगाइसकेको छ ।

गाउँपालिकाको उक्त नियमलाई थप कडाइका साथ कार्यान्वयन गर्ने गरी बजार अनुगमन गरिएको हो । सिसाजन्य बियरका बोतलले दुर्घटना र जोखिम निम्त्याउने र वातावरण स्वच्छतामासमेत प्रतिकूल असर पुऱ्याउने भएकाले गाउँपालिकाले बोतलमा ब्राण्डिङ गरिएका बियर बिक्री वितरणमा प्रतिबन्ध लगाउँदै आइरहेको छ ।

गाउँपालिकाद्वारा गरिएको बजार अनुगमनका क्रममा डेढ दर्जन पर्यटक लक्षित होटल र आधा दर्जन बढी किराना, फ्रेस हाउस र खाद्यान्न पसलहरूको अनुगमन गरियो । टोलीले व्यवसायीले होटल तथा पसलहमा साइनबोर्ड, व्यवसाय दर्ता तथा नवीकरण, मूल्यसूची, लगबुक रजिस्ट्रार राखेको/नराखेको तथा खरिद बिल तथा उपभोक्तालाई दिइने बिल, सरसफाइ, मदिराको मूल्य अभिवृद्धि करको प्रमाणपत्र दर्ता तथा नवीकरण गरे/नगरेकोबारे सोधनी गरेको थियो ।

त्यस्तै, स्वदेशी तथा विदेशी र स्थानीय मदिराको पेयपदार्थमा अन्तःशुल्क स्टिकर राखेको वा नराखेको, खाद्यसामग्रीको लेबल चेकजाँच, नापतौल चेकजाँच र व्यवसायले प्यान वा भ्याट बिल प्रयोग गरेको वा नगरेकोलगायतको अनुगमन गरेको हो । बजार अनुगमनका क्रममा फेला परेका म्याद गुज्रिएका अखाद्य पदार्थलाई बरामद गरी सरोकारवाला निकायको रोहबरमा जोमसोमस्थित कालीगण्डकी नदी किनारामा खाल्डो खनी नष्ट गरिएको छ । *रासस*

# पहिरोको जोखिममा सेउलुङ बस्ती



**म्याग्दी–** स्थानीय मालिका गाउँपालिका–३ मा अवस्थित सेउलुङ बस्ती पहिरोको उच्च जोखिममा परेको छ । टाक्सेखोलाको फेदीदेखि सुरु भएको पहिरो बस्तीमै पुगेपछि जोखिम बढाएको हो ।

सेउलुङका स्थानीय रविन खत्रीले खेतीयोग्य जमिन पहिरोले बगाउँदा त्यहाँका तीन घरसमेत उच्च जोखिममा परेको बताए । 'पहिरोले दुई हलको बारी बगाइसकेको छ, आँगनमै पहिरो आइपुगेकाले बर्खामा घरमा बस्ने अवस्था छैन,' उनले भने ।

स्थानीय कर्णबहादुर खत्री, बलबहादुर खत्री र चित्रबहादुर खत्रीको घर पहिरोको उच्च जोखिममा परेको छ । पछिल्ला वर्ष निरन्तर पहिरो जाँदा करिब २० घरपरिवारको बसोबास रहेको सेउलुङ टोल, सयौं रोपनी खेतीयोग्य जमिन र अदिभारा-डाँडागाउँ-सोले-तमानखोला सडक पनि जोखिममा पर्ने खत्रीले बताए । पहिरोका कारण नजिकको जमिन धाँजा फाटेर चिराचिरा परेको छ ।

उनका अनुसार टाक्सेहुँदै रुम जोड्ने सडक निर्माणसँगै पहिरो बग्न थालेको हो । फेदी टाक्सेमा जाली लगाए पनि माथिल्लो क्षेत्रमा पहिरो रोकिएको छैन । ठूलो क्षेत्रफल र लामो पहिरो भएकाले रोकथामको प्रयास सफल हुनसकेको छैन । मालिका गाउँपालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले गाउँपालिकाका प्राविधिक टोलीबाट पहिरो प्रभावित क्षेत्रको निरीक्षण गरिए पनि प्रतिकूल र कठिन भूगोलका कारण तत्काल रोकथामको हुन नसकेको बताए ।

जोखिममा रहेका घरपरिवारलाई सुरक्षित ठाउँमा स्थानान्तरणका लागि पहल गरिएको उनले बताए । पहिरो बढ्न नदिन भल व्यवस्थापनको प्रयास गरिएको वडाध्यक्ष बुढाले बताए । *रासस*

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा 'युरोलोजी' सेवा सञ्चालन

**तुलसीपुर (दाङ)–** राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी (मूत्ररोग) सेवा सोमबारदेखि सुरु भएपछि सेवा लिन आउने सेवाग्राही खुसी भएका छन् ।

प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख डा. सुरेश रसाइलीले युरोलोजी सेवा स्थानीयस्तरमा नै प्रभावकारी बनेसँगै बिरामीहरू खुसी भएको बताए । यसअघि जिल्लामा युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका सहर जानुपर्ने बाध्यता थियो । तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा विस्तार भएपछि उक्त समस्या समाधान भएको छ ।

प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा. सुशील खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया अहिले सञ्चालनमा ल्याएपछि सेवाग्राही सन्तुष्ट भएका हुन् । हाल ओपिडी सेवामार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन् ।

प्रतिष्ठानको तथ्यांकअनुसार वैशाख १ देखि ३१ गतेसम्म युरोलोजी विभागबाट ११३ जना बिरामीको सफल शल्यक्रियासमेत भएको छ । सोही अवधिमा युरोलोजीतर्फ ५०५ जना बिरामीले ओपिडी सेवा पाएको डा. खनियाँले बताए । युरोलोजी सेवाअन्तर्गत भर्ना गरेर ६१ जना बिरामीको उपचार गरिएको छ । *रासस*

# लुम्बिनीको बजेटमा स्वास्थ्य क्षेत्रका प्राथमिकता




**लुम्बिनी (प्रस)–** प्रदेश सरकारले सोमबार प्रदेशसभामा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा स्वास्थ्य सेवातर्फ प्राथमिकता तोकेर बजेट विनियोजन गरिएको छ ।

प्रदेशको स्वास्थ्य क्षेत्रको विकासका लागि बजेटमा स्वास्थ्य मन्त्रालयको लागि पाँच अर्ब ६५ करोड ७२ लाख रूपैयाँ विनियोजन गरिएको आर्थिक मामिला तथा योजनामन्त्री कार्कीले बताए । यस्तै लुम्बिनी प्रादेशिक अस्पतालमा निर्माणाधीन बहुतले अत्याधुनिक भवन निर्माणलगायत प्रदेशका अन्य महत्त्वपूर्ण स्वास्थ्य संस्थाहरूको भवन पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि दुई अर्ब १२ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

बजेटमा 'दुर्गममा विशेषज्ञ सेवाः मोबाइल मेडिकल भ्यानबाट स्वास्थ्यमा टेवा' भन्ने नाराका साथ दुर्गम स्थानमा विशेषज्ञ सेवा उपलब्ध गराउन तीन करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको उल्लेख छ । यस्तै 'डिजिटल प्रविधिको साथः दुर्गमका जनतामा प्रादेशिक अस्पतालको हात' भन्ने मूल नाराका साथ लुम्बिनी प्रादेशिक अस्पतालबाट टेलिमेडिसिन सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । राप्ती प्रादेशिक अस्पताललाई २०० शय्याको अस्पतालमा स्तरोन्नति गर्न चार करोड रूपैयाँ विनियोजन गरिएको छ ।

सुरक्षित मातृत्व अभियानमार्फत मातृ मृत्युदर बढी भएका स्थानीय तहका गर्भवतीलाई निःशुल्क प्रयोगशाला जाँच गर्ने व्यवस्थाका लागि पाँच करोड ३० लाख रूपैयाँ विनियोजन गरिएको छ । प्रदेश सरकार स्थापनाको वर्षदेखि तत्कालीन सरकारले लागू गरेको मुटुको भल्भ प्रत्यारोपण, मिर्गौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारका लागि प्रतिव्यक्ति दुई लाख रूपैयाँको सहुलियत कार्यक्रम र निःशुल्क रक्तसञ्चार सेवालाई यसपटक पनि निरन्तरता दिइएको छ ।

प्रदेशका सबै अस्पतालहरूमा 'एन्टिरेविज भ्याक्सिन' र सर्पदंश उपचार केन्द्रमा र 'एन्टी स्नेक्स भ्याक्सिन'को नियमित आपूर्ति सुनिश्चित गर्न आवश्यक बजेट विनियोजन गरिएको उल्लेख छ । प्रदेशका खासगरी तराइका जिल्लामा थारु समुदायमा देखिने सिकलसेल एनीमिया, थालासेमिया र हेमोफिलिया रोगको उपचारको लागि औषधि, उपकरण, स्क्रिनिङ, बिमा र सचेतना कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरिएको उल्लेख गरिएको छ ।

अस्पतालहरूमा डायलाइसिस सेवा, बाँझोपन व्यवस्थापन सेवा, नवजात शिशु सघन उपचार एकाइ, जलन उपचार कक्ष, स्तनपान व्यवस्थापन एकाइका लागि र अस्पतालमा गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्नका लागि चाहिने मेडिकल औजार-उपकरण उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिएको छ ।

# वन्यजन्तुबाट क्षति व्यहोरेकालाई सात लाख राहत

**दमौली (तनहुँ)–** डिभिजन वन कार्यालय तनहुँले चालु आर्थिक वर्षमा वन्यजन्तुबाट क्षति ब्यहोरेकालाई सात लाख रूपैयाँ राहत वितरण गरेको छ । कार्यालयले वन्यजन्तुबाट भएको क्षतिको राहत निर्देशिका २०८० बमोजिम जनही सात लाख ३९ हजार रूपैयाँ राहत वितरण गरेको हो ।

बाँदर र भालुको आक्रमणबाट घाइते भएकालाई दुई लाख १८ हजार रूपैयाँ, पशुधन क्षति व्यहोरेकालाई ९८ हजार, बाँदरबाट कृषिबाली क्षति भएकालाई चार हजार, पशुधन र कृषिबाली क्षति ब्यहोरेकालाई चार लाख १९ हजार रूपैयाँ राहत वितरण गरिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिए ।

रानाभाटले वन्यजन्तु र मानवबीचको द्वन्द्व चुनौतीका रूपमा देखिन थालेको उल्लेख गर्दै वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चिँदै जानु, जंगल आसपास मानव बस्ती विस्तार हुनु तथा खाद्यान्नको खोजीमा वन्यजन्तु बस्ती क्षेत्रमा प्रवेश गर्नु मुख्य कारण रहेको बताए ।

उनले वन्यजन्तुबाट क्षति ब्यहोरेका नागरिकले सम्बन्धित वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समूह वा डिभिजन वन कार्यालयमा समयमै जानकारी गराउनुपर्ने व्यवस्था रहेको बताए । तनहुँका व्यास, भानु, शुक्लागण्डकी, बन्दीपुर, घिरिङ, म्याग्दे तथा आँबुखैरेनी क्षेत्रका विभिन्न ग्रामीण बस्तीमा बाँदर र अन्य वन्यजन्तुका कारण कृषिबाली तथा पशुधनमा क्षति पुग्ने समस्या बर्सेनि दोहोरिने गरेको छ ।

## किसानलाई अनुदान

जिल्ला कृषि विकास कार्यालय, तनहुँले आँबुखैरेनी गाउँपालिका-६ घलडाँडाका कृषकलाई ९० प्रतिशत अनुदानमा विभिन्न कृषि सामग्री वितरण गरेको छ । कृषक समूहलाई सिँचाइ व्यवस्थापनमा सहजता ल्याउन पाँच हजार लिटर क्षमताको एक थान ठूलो हिल टयांकी वितरण गरिएको छ ।

त्यसैगरी, समूहमा आबद्ध २२ जना कृषकलाई ५०० लिटर क्षमताका हिल टयांकी, २० एमएम सिँचाइ पाइप, विभिन्न स्थानीय बालीका बीउविजन, एग्रिकल्चर स्प्रेयरलगायत कृषि सामग्री प्रदान गरिएको हो । कृषकका उत्पादन वृद्धि, आधुनिक कृषि प्रविधिको विस्तार तथा व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत उक्त कृषि सामग्री वितरण गरिएको हो ।

गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानले कृषि क्षेत्रलाई आत्मनिर्भर अर्थतन्त्रको आधारका रूपमा विकास गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताए । जिल्ला कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीले कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकीकरण र उत्पादन वृद्धि मुख्य लक्ष्य रहेको बताए । कृषकहरूलाई वितरण गरिएका सामग्रीले सिँचाइ व्यवस्थापनमा सुधार ल्याउनुका साथै उत्पादन लागत घटाउन र उत्पादन वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । *रासस*

# कञ्चनपुरको स्थानीय तहहरूले नदीजन्य पदार्थ उत्खननमा रोक लगाए

**कञ्चनपुर–** कञ्चनपुरका स्थानीय तहहरूले नदी तथा खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन, संकलन तथा निकासी कार्यमा रोक लगाएका छन् ।

ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड-२०७७ (संशोधन २०७९) को दफा ४ उपदफा (१६) बमोजिम हरेक वर्ष असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने कानुनी व्यवस्थाअनुसार स्थानीय तहहरूले उक्त कार्यमा रोक लगाएका हुन् ।

सोही व्यवस्था कार्यान्वयन गर्दै भीमदत्त नगरपालिका, बेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका र कृष्णपुर नगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै आफ्नो क्षेत्रभित्रका सबै नदी, खोला तथा नालाबाट नदीजन्य पदार्थको उत्खनन, संकलन, ढुवानी र निकासी कार्य बन्द गरेका छन् ।

वर्षायाममा नदीको प्राकृतिक बहाव संरक्षण, सम्भावित बाढी तथा डुबानको जोखिम न्यूनीकरण र वातावरणीय सन्तुलन कायम राख्ने उद्देश्यले उक्त निर्णय कार्यान्वयनमा ल्याइएको जनाइएको छ । भीमदत्त नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेशबहादुर बमले कानुनी व्यवस्थाअनुसार नगरपालिका क्षेत्रभित्रका महाकालीसहित सबै नदी तथा खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खननमा रोक लगाइएको बताए ।

'यस अवधिमा कुनै पनि व्यक्ति वा कम्पनीले नदीजन्य पदार्थ उत्खनन, संकलन वा ओसारपसार गर्न पाउँदैनन्,' उनले भने, 'यस सम्बन्धमा सार्वजनिक सूचना जारी गरी सर्वसाधारणलाई जानकारी गराइसकिएको छ ।' *रासस*

**प्रभाव दैनिक**

## रूपशाला

### शिव परियार र गरिमा शर्माको 'दिल परानी'

नेपाली लोक आधुनिक शैलीमा तयार पारिएको प्रेम–वियोग भाव मिश्रित गीत 'दिल परानी' भिडियोसहित सार्वजनिक भएको छ। सुमधुर स्वरका धनी लोकप्रिय गायक शिव परियार र अनु चौधरीको सुमधुर स्वरमा रहेको यस गीतमा चर्चित मोडल गरिमा शर्मा र नवप्रवेशी मोडल उमेश सोनामको अभिनय देख्न सकिन्छ। यस गीतमा राज क्षितिजको शब्द, मनोज मालेको सङ्गीत, विशाल निरौलाको सङ्गीत संयोजन र साजन शाहको मिक्सिङ रहेको छ। निकेश खड्काको निर्देशनमा तयार पारिएको म्युजिक भिडियोको छायांकन दिनेश पराजुलीले गरेका हुन् भने सम्पादन विकास दाहालले गरेका हुन्। भिडियोको रङ सुधार (कलर ग्रेडिङ) राजेन्द्र मोक्तानले गरेका छन् र शृङ्गार समरा जोशीको रहेको छ। उमेश सोनामको निर्माणमा तयार पारिएको यो म्युजिक भिडियो नगरकोटमा छायांकन गरिएको हो।



बुधबार, ३ असार २०८३ (Wednesday, 17 June 2026)

# 'बा: एक योद्धा'का 'बा' भदौ १९ मा

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'बा: एक योद्धा' भदौ १९ गते रिलिज हुँदैछ। 'बा: एक योद्धा'ले नेपाली समाजको वास्तविक पक्षलाई आफ्नो कथा बनाएको छ।

नेपाली समाजमा परिवारमा सन्तानको भविष्यका लागि बुवाले गर्ने त्याग, संघर्ष र जीवनभर झेल्ने चुनौतीहरू 'बा : एक योद्धा'को मुख्य कथा हो। कथाले यो सिनेमाको केन्द्रमा बुवा हुने संकेत गर्छ।

त्यसो भए यो चलचित्रको हिरो अथवा 'बा' को हो त ? सिंगो सिनेमा आफ्नो काँधमा बोकेर हिँड्ने 'बा' को हो ?

'बा एक योद्धा'ले विस्तारै आफ्ना कलाकार रिबिल गर्दै गएको छ। त्यसैक्रममा केही दिनअगाडि मात्रै सागर खनाल, शिशिर सिवाकोटी, सुप्रिया शर्मा र शवि थापाको नाम निर्माण टिमले सार्वजनिक गरेको थियो। त्यसअघि झरना थापा, सुहाना थापा र अभिनेता दिव्यदेव पन्तको नाम बाहिर ल्याइएका थियो।

चलचित्रको छायांकन सकिसक्यो। पोस्टको काम समेत सुरु भइसक्यो। तर, यो चलचित्रको मुख्य पात्र र अथवा 'बा'को हो भन्ने निर्माण टिमले हालसम्म जानकारी दिएको छैन। 'हामी विस्तारै यो सिनेमाबारे थप जानकारी दिँदै जाने छौँ। हाम्रा कलाकार र अन्य जानकारी पनि विस्तारै आउँदै जानेछ,' निर्देशक हरि लम्सालले भने, 'हामी हाम्रो चलचित्रको बा को हो भनेर पनि केही समयमा जानकारी दिने नै छौँ।'

हरि लम्सालको लेखन तथा निर्देशन रहेको चलचित्र 'बा: एक योद्धा' कुसे औंसी अर्थात् बुबाको मुख हेर्ने दिनको पूर्वसन्ध्यामा प्रदर्शनमा आउनेछ। सिनेमाको कथासँग रिलिज डेट म्याच गराउँदै यो सिनेमा कुसे औंसीमा प्रदर्शनमा आउन लागेको हो।

नेपाली संगीत क्षेत्रमा दर्जनौं कालजयी गीत दिएका संगीतकार हरि लम्साल रचनाकार र गायक पनि हुन्। फिचर फिल्ममा भने 'बा: एक योद्धा' उनको पहिलो निर्देशन हो। आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको यो चलचित्रको कथासँगै पटकथा पनि लम्साल आफैँले लेखेका छन्। चलचित्र 'बा: एक योद्धा'का निर्माता वसन्त लम्साल हुन्। गायक तथा सर्जकसमेत रहेका लम्सालले यसअघि अभिनेता विपीन कार्कीलाई लिएर चलचित्र 'कर्मा' निर्माण गरेका थिए। शिवराम श्रेष्ठको छांयाकन रहेको चलचित्रको मुख्य सहायक निर्देशकमा तारानाथ न्यौपाने छन्। 'बा : एक योद्धा' आशिष एच तामाङ र प्रदीप धामीको कुवेर सिने डिस्ट्रिब्युसनले वितरण गर्नेछ।

# राष्ट्रिय रनिङ शिल्ड दोहोरी गीत प्रतियोगितामा निशान्त र संगीना पहिलो



**काठमाडौं (प्रस)–** राष्ट्रिय रनिङ शिल्ड दोहोरी गीत प्रतियोगिता २०८३ मा निशान्त विक र संगीना थापा मगर विजयी भएका छन्। १७ समूहलाई उछिन्दै यी दुईजनाको टिमले उपाधि जितेको हो।

पहिलो भएका विक र मगरले शिल्डसहित ३ लाख रूपैयाँ नगद प्राप्त गरे। राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको आयोजनामा नुवाकोटको विदुर नगरपालिकामा प्रतियोगिता आयोजना भएको थियो।

सरोज सिम्खडा र जमुना विश्वकर्मा दोस्रो बने। मानव रावत र भावना अर्याल तृतीय हुँदा राजमान खत्री र शान्ता वलीले सान्त्वना पुरस्कार प्राप्त गरे। द्वितियले २ लाख, तृतीयले १ लाख र सान्त्वनाले ५० हजार नगद पुरस्कार पाए।

राजु लामिछाने उत्कृष्ट गायक, जमुना सुनार उत्कृष्ट गायिका, विक्रम गहतराज उत्कृष्ट नवगायक, उत्कृष्ट नवगायिका शीतल कल्पना विक, अनुशासित गायक बेलबहादुर परियार, अनुशासित गायिका शान्ति कार्की, उत्कृष्ट भेषभूषा प्रितम पोखरेल र उत्कृष्ट भेषभूषा सीता माझी बन्न सफल भए।

लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान र प्रतिभाको प्रोत्साहन गर्ने मूल उद्देश्यले आयोजना गरिएको प्रतियोगीता सोचेभन्दा भव्य भएको प्रतिष्ठानकी अध्यक्ष रीता थापामगरले बताइन्। प्रतियोगिता अगाडि सहभागी टिमलाई समावेशी र प्रतिस्पर्धी बनाउन प्रतिष्ठानको आन्तरिक छनोट समितिले फाइनलका लागि १८ टिम छनोट गरेको थियो।




# स्पेनलाई केप भेर्डेले रोक्दा तीनै खेल बराबरीमा

## साउदी-उरुग्वे र इजिप्ट-बेल्जियमले पनि अंक बाँडे



■ प्रभाव संवाददाता

**काठमाडौं –** फिफा विश्वकप सोमबार राती सम्पन्न तीनै खेल बराबरीमा टुंगिएको छ। पहिलो खेलमा स्पेनलाई विश्वकपमा डेब्यू गरेको मुलुक केप भेर्डेले गोलरहित बराबरीमा रोक्यो भने इजिप्ट र बेल्जियमबीचको खेल १-१ गोलले बराबरी रह्यो भने तेस्रो खेलमा साउदीले बलियो उरुग्वेलाई बराबरीमा रोक्न सफल भयो।

पूर्वविश्वविजेता स्पेनसँग विश्वकपको पहिलो खेल खेलेको अफ्रिकन राष्ट्र केप भेर्डेले ऐतिहासिक पहिलो अंक जोडेको छ।

फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'एच'को खेलमा केप भेर्डेले उपाधिको प्रबल दाबेदारका रूपमा हेरिएको स्पेनलाई गोलरहित बराबरीमा रोक्यो।

सोमबार एट्लान्टा रंगशालामा 'लो ब्लक/कम्प्याक्ट डिफेन्डिङ'मा प्रस्तुत भएको केप भेर्डेले दोस्रो हाफमा स्पेनलाई गोलका कुनै पनि अवसर सिर्जना गर्न दिएन। त्यसअघि पहिलो हाफमा भेट्रान गोलकिपर भोजिन्हाले सानदार प्रदर्शन गरे। ४० वर्षीय गोलकिपरले स्पेनका ४-५ प्रहारहरू बचाए।

४-१-२-३ फर्मेशनमा उत्रिएको स्पेनले आज स्टार विंगर लामिन यमाललाई बेन्चमा राखेको थियो। ह्यामस्ट्रिङ समस्याबाट जुधिरहेका यमाल ७१औं मिनेटमा मैदान प्रवेश गरेका थिए। तर, उनीबाट सोचेअनुरूपको अवसरहरू सिर्जना हुन सकेनन्।

त्यस्तै दोस्रो हाफमा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका स्ट्राइकर रोमेलु लुकाकुको बलियो उपस्थितिले फिफा विश्वकप २०२६ मा बेल्जियम हारबाट जोगिएको छ।

सोमबार मध्यराति सम्पन्न समूह 'जी'को खेलमा बेल्जियमले इजिप्टसँग १-१ को बराबरी खेल्यो। इजिप्टले अट्याकिङ मिडफिल्डर इमाम आशोउरको गोलमा खेलको १९औं मिनेटमा अग्रता लिएको थियो। मोहम्मद सलाहको पासमा पेनाल्टी बक्सबाहिरबाट सानदार राइट फुटेड प्रहार गर्दै उनले पहिलो बारमा गोलकिपर टिबो कोर्टुवालाई बिट गरे। त्यसपछि बेल्जियमले खेलमा फर्किन कोशिस गरेपनि पहिलो हाफ १-० ले इजिप्टको पक्षमा गयो।

दोस्रो हाफमा पनि बेल्जियमले इजिप्टमाथि दबाब बनाइ राख्यो। यही क्रममा केभिन डी ब्रुयनाको फ्रिकिक गोलपोस्टमा ठोक्किँदा इजिप्टले राहत महसुस गर्यो। लुकाकु ६६औं मिनेटमा मैदान प्रवेश गरेका थिए। एक मिनेट पनि बित्न नपाउँदै उनले पहिलो टचमै बेल्जियमलाई बराबरीमा ल्याए।

शारीरिक बल लुकाकुको बलियो पक्ष हो। लुकाकुको बलिष्ठ शरीर गोलको कारण बन्यो। राइट साइडबाट आएको क्रसलाई चेज गरेका लुकाकुलाई रोक्न इजिप्टका दुई रक्षकले प्रयास गरेका थिए। तर, बल अन्त्यमा राइटब्याक मोहम्मद ह्यानीसँग ठोक्किँदै पोस्टमा गयो। त्यसपछि पनि लुकाकुले विपक्षी रक्षापङ्क्तिलाई दबाबमा राखे। तर, खेलमा तेस्रो गोल सम्भव भएन।

त्यस्तै मंगलबार बिहान सम्पन्न खेलमा उरुग्वे र साउदी अरबले बराबरी खेलेका छन्। अमेरिकाको फ्लोरिडास्थित मियामी फुटबल रंगशालामा सम्पन्न भएको खेलमा दुवै टोली १-१ बराबरीमा रोकिएका हुन्।

साउदीले खेलको ४१औं मिनेटमा अग्रता लिएको थियो। अब्दुल्लाह अल अम्रीले गोल गर्दै साउदीलाई अग्रता दिलाएका थिए। तर, खेलको अन्त्यतिर उरुग्वे खेलमा फर्कियो। ८०औं मिनेटमा उरुग्वेका लागि म्याक्सीमिलिनो अराजोले गोल गर्दै खेल बराबरीमा पुर्याए।

त्यसपछि दुवैतर्फबाट गोल हुन सकेन र खेल बराबरीमा सकियो। यो खेलसँगै समूह 'एच' मा ४ वटै टोलीले पहिलो खेलपछि समान एक अंक जोडेका छन्।

यसअघि स्पेन र केप भर्डे पनि १-१ को बराबरी खेलेका थिए। यसअघि आज भएको पहिलो खेलमा बेल्जियम र इजिप्ट १-१ को बराबरीमा रोकिएका थिए। आजको तेस्रो खेलमा इरान र न्यूजिल्यान्ड भिड्नेछन्।

## रंगशाला

# मौका नदिई खेलाडी छनोट गरेको भन्दै सर्वोच्चमा रिट

■ प्रभाव संवाददाता




**काठमाडौं–** एशियाली खेलकुदको पौडी खेलाडी छनौटमा असहमति जनाउँदै खेलाडीहरू सर्वोच्च अदालत पुगेका छन्।

पौडी खेलाडी इर्भिन श्रेष्ठ, मेधावी केसी र निर्णय थापाले आफूहरूलाई मौका समेत नदिई नेपाल पौडी संघले आफूखुसी खेलाडी छनौट गरेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेको जनाएका हुन्।

नेपाल पौडी संघ, नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुदलाई विपक्षी बनाएर रिट दायर गरिएको रिटमा अदालतले असार ३ गतेका लागि छलफलमा समेत बोलाएको पौडी खेलाडी मेधावी केसीले जानकारी दिइन्।

मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै पौडी खेलाडीहरूले संघद्वारा सञ्चालन गरिएको आयची नागोया एसियाली खेलकुद २०२६ को प्रारम्भिक छनोट प्रक्रिया सम्बन्धमा गम्भीर असन्तुष्टि रहेकाले अदालत जानुपरेको जनाएका छन्।

हाल सम्पन्न प्रारम्भिक छनोट प्रक्रियामा अपनाइएका केही निर्णयहरू, मूल्यांकनका आधारहरू तथा छनोटको समग्र प्रक्रियाले धेरै खेलाडीहरूमा प्रश्न उठाएको अवस्था रहेको खेलाडी केसीले बताइन्।

नेपालको पौडी खेलको विकास, खेलाडीहरूको हकहितको संरक्षण तथा भविष्यमा अझ निष्पक्ष र विश्वसनीय छनोट प्रणाली सुनिश्चित गर्नुपर्ने आफूहरूको माग रहेको उनको भनाइ छ।

त्यस्तै पौडी खेलाडी इर्भिन श्रेष्ठले एशियाली खेलकुदको पौडी खेलाडी छनौट व्यवहारिक नभएको गुनासो गरे।

एशियाली खेलकुदको पौडी खेलाडी छनौट जारी रहँदा प्रतिस्पर्धाकोबीचमा छनोटको मापदण्ड र नियम परिवर्तनप्रति उनीहरूले असहमति जनाएका छन्।

# विराटनगरले गर्‍यो सन्दीपलाई रिटेन



**काठमाडौं (प्रस)–** नेपाल प्रिमियर लिग(एनपिएल) का लागि विराटनगर किंग्सले टोलीका कप्तान सहित ६ खेलाडीलाई तेस्रो संस्करणका लागि रिटेन गरेको छ।

मंगलबार विराटनगरले सामाजिक सञ्जालमार्फतत कप्तान सन्दीप लामिछाने सहितका ६ खेलाडीलाई तेस्रो संस्करणका लागि टोलीमा निरन्तरता दिएको जनाएको हो। विराटनगरको टोलीमा कप्तान सन्दीप, प्रतिश जिशी, बसिर अहमद, नारायण जोशी, लोकेश बम र सुवास भण्डारीले निरन्तरता पाएका हुन्

विराटनगरले ६ खेलाडीलाई निरन्तरता दिदाँ बाँकी ६ नेपाली क्रिकेटरलाई भने फुकुवा गरेको छ। फुकुवामा पर्ने खेलाडीहरूमा नरेन भट्ट, श्रवण किस्कु, शंकर राना, आयुष न्यौपाने, साहिल पटेल र सुर्य तामाङ रहेका छन्।

पहिलो संस्करण छैटौं स्थानमा लिग सकाएको विराटनगरले दोस्रो संस्करणमा लिग चरणको यात्रा दोस्रो स्थानमा सकाएको थियो। नेपाल क्रिकेट संघ (क्यान) ले तेस्रो संस्करणको एनपिएलका लागि केही दिनमा नै अक्सनको मिती सार्वजनिक गर्ने जनाएको छ।

# दशौँ राष्ट्रिय खेलकुद समयमै गर्ने मन्त्री पोखरेलको प्रतिबद्धता



**काठमाडौं (प्रस)–** शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले कर्णाली रंगशालाको अनुगमन गरेका छन्। दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा रहेको कर्णाली प्रदेश रंगशालाको अनुगमन गरेका हुन्।

अनुगमनका क्रममा मन्त्री पोखरेलले राष्ट्रिय खेलकुदको मिति चाँडै तोक्ने योजना भएको बताए। कर्णाली प्रदेश खेलकुद विकास परिषदका सदस्य सचिव रविन्द्र चन्दले मन्त्री पोखरेललाई रंगशालामाको हालको अबस्था बारे जानकारी गराएका थिए। निरीक्षणको क्रममा मन्त्री पोखरेलले कर्णालीको खेलकुदमा भौतिक संरचनाको कमि भएकाले सरकारले यसमा ध्यान दिने बताए।



फिफा विश्वकपअन्तर्गत इरान र न्युजिल्याण्डबीचको खेलअघि संयुक्त राज्य अमेरिकाको लस एञ्जलसस्थित लस एञ्जलस रंगशालामा एक इरानी समर्थक । *तस्बिरः सिन्ह्वा*

# युद्ध अन्त्य नै प्रमुख सर्तः इरान



**तेहरान–** इरानका विदेशमन्त्री अब्बास अराघचीले अमेरिकासँगको सम्भावित शान्ति सम्झौतामा लेबनानसहित सबै मोर्चामा युद्धको अन्त्यलाई सबैभन्दा महत्त्वपूर्ण सर्तका रूपमा अघि सारेका छन् । उनका अनुसार मध्यपूर्वका विभिन्न मोर्चामा जारी संघर्ष अन्त्य नभएसम्म कुनै पनि समझदारी पूर्ण मान्न सकिँदैन ।

'हाम्रो बुझाइमा यो सम्झौतामा दुई पक्ष छन्- एकातर्फ अमेरिका र इजरायल, अर्कोतर्फ इरान र हिजबुल्लाह,' सरकारी टेलिभिजनमा विदेशी कूटनीतिज्ञहरूसँगको ब्रिफिङमा अराघचीले थप स्पष्ट पार्दै भने, 'सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको लेबनानसहित सबै मोर्चामा युद्धको तत्काल र स्थायी अन्त्य हो । लेबनानमा युद्ध अन्त्य हुनु नै पूर्ण युद्ध अन्त्यको अभिन्न अंग हो ।'

यो टिप्पणी तेहरान र वासिङ्टनबीच फेब्रुअरी २८ मा मध्यपूर्व युद्ध अन्त्य गर्ने उद्देश्यसहित समझदारी ज्ञापनपत्र घोषणा भएपछि आएको हो । उक्त युद्ध इरानमा भएको अमेरिका-इजरायली आक्रमणपछि फैलिएको थियो ।

इरानको सर्वोच्च नेताको हत्यापछि इरान समर्थित हिजबुल्लाहले इजरायलमाथि रकेट आक्रमण गरेसँगै लेबनान मार्चको सुरुआतमा युद्धमा तानिएको थियो । त्यसपछि इजरायलले लेबनानमा सैन्य कारबाही र स्थल आक्रमण तीव्र बनाएको थियो ।

अराघचीका अनुसार इजरायली सेना कब्जा गरिएका क्षेत्रबाट पूर्णरूपमा फिर्ता नभएसम्म युद्ध अन्त्य भएको मान्न सकिँदैन । उनले भने, 'कब्जा गरिएका भूभागबाट इजरायली सेना फिर्ता नभएसम्म यो युद्ध समाप्त भएको मानिने छैन ।'

उनले इजरायलको निरन्तर सैन्य गतिविधिलाई सम्झौताको उल्लंघनका रूपमा व्याख्या गर्दै भने, 'लेबनानमा जियोनिस्ट शासनद्वारा हुने कुनै पनि सैन्य आक्रमण वा लेबनानी भूभागमा निरन्तर कब्जा समझदारी ज्ञापनपत्रको उल्लंघन हुने छ ।'

इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले भने इजरायली सेना आवश्यक परेसम्म लेबनान, सिरिया र गाजामा रहने बताउँदै आएका छन् । सोमबार सम्झौताको घोषणा भएलगत्तै हिजबुल्लाहले दक्षिणी लेबनानमा अगाडि बढ्न खोजिरहेका इजरायली सेनामाथि आक्रमण गरेको दाबी गरेको छ ।

यसैबीच, इरान र अमेरिकाबीच शुक्रबार स्विट्जरल्याण्डमा औपचारिक सम्झौता हुने अपेक्षा गरिएको छ । विदेशमन्त्री अराघचीका अनुसार हस्ताक्षरपछि इरानको आणविक कार्यक्रम र प्रतिबन्ध फुकुवासम्बन्धी विस्तृत वार्ता सुरु हुने छ । उनले भने, 'सम्भवतः शुक्रबार निश्चित स्थानमा इरान र अमेरिकाबीच अन्तिम सम्झौताका लागि वार्ताको नयाँ चरण सुरु हुने छ ।'

अराघचीका अनुसार अन्तिम सम्झौतामा आणविक गतिविधि नियन्त्रण र इरानमाथि लगाइएका प्रतिबन्ध हटाउने विषय निर्णायक रहने छ । यसलाई मध्यपूर्वको दीर्घकालीन शान्तिका लागि महत्त्वपूर्ण चरणका रूपमा हेरिएको छ । *रासस/एएफपी*

# अमेरिका-इरान समझदारीपछि युरोपेली सेयरबजार उकालो, तेलको मूल्य घट्यो



**लण्डन–** संयुक्त राज्य अमेरिका र इरानबीच भएको शान्ति समझदारी तथा स्ट्रेट अफ हर्मुजबाट तेल ढुवानी पुनःसञ्चालन हुने अपेक्षाले युरोपेली सेयरबजारमा वृद्धि भएको छ भने अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य घटेको छ ।

मंगलबार लण्डन, पेरिस र फ्रान्कफर्टका प्रमुख सेयर सूचकांक मध्याह्नसम्म करिब शून्य दशमलव पाँच प्रतिशतले बढेको थियो । विश्लेषकले अमेरिका-इरान तनाव कम हुने संकेतले लगानीकर्ताको विश्वास बढाएको बताएका छन् । व्यापार समूह एक्सटिबीकी अनुसन्धान निर्देशक क्याथलिन ब्रुक्सका अनुसार सम्झौता औपचारिकरूपमा हस्ताक्षर नभए पनि बजारमा यसको सकारात्मक प्रभाव देखिन थालेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्ट्रेट अफ हर्मुजबाट जहाज आवागमन पुनः सुरु भएको र प्रमुख समुद्री मार्ग शुक्रबारसम्म पूर्णरूपमा खुला हुने बताए । इरानी सञ्चारमाध्यमले पनि केही तेल ट्यांक तथा कार्गो जहाज उक्त मार्गबाट आवतजावत गरिसकेको जनाएका छन् ।

यसैबीच, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य लगातार दोस्रो दिन घटेको छ । विश्वबजारको प्रमुख मानिने ब्रेन्ट कच्चा तेलको मूल्य दुई प्रतिशतभन्दा बढीले घटेर प्रतिब्यारेल करिब ८१ अमेरिकी डलरमा कारोबार भएको छ ।

यद्यपि, विश्लेषकले आपूर्ति अवस्थाबारे अझै अनिश्चितता कायम रहेकाले बजारमा उतारचढाव रहन सक्ने चेतावनी दिएका छन् । अमेरिकी ऊर्जा विभागका अनुसार रणनीतिक तेल भण्डार गत साता सन् १९८३ यताकै न्यूनस्तरमा पुगेको छ, जसले आगामी दिनमा तेलको माग कायम रहने संकेत गरेको छ ।

यस साता प्रमुख केन्द्रीय बैंकको मौद्रिक नीतिगत निर्णयमा पनि लगानीकर्ताको ध्यान केन्द्रित छ । अमेरिकी फेडरल रिजर्भ र बेलायतको बैंक अफ इंग्ल्याण्डले ब्याजदर यथावत् राख्ने अपेक्षा गरिएको छ । उता, जापानको केन्द्रीय बैंकले ब्याजदर सन् १९९५ पछिकै उच्चस्तरमा पुर्‍याएको छ ।

एसियाली बजारमा दक्षिण कोरियाको सियोल सेयरबजार करिब दुई प्रतिशतले बढेको छ । जापानको निक्केई-२२५ सूचकांक पनि उकालो लागेको छ भने हङकङ र सांघाइका बजारमा गिरावट आएको छ । *रासस/एएफपी*

# नकल रोक्न भारतद्वारा टेलिग्राम प्रतिबन्ध




**नयाँदिल्ली–** परीक्षा नकल र प्रश्नपत्र चुहावटको बढ्दो विवादपछि भारतले राष्ट्रव्यापी मेडिकल प्रवेश परीक्षा (एनइइटी) को पुनःपरीक्षा अघि मेसेजिङ प्लेटफर्म टेलिग्राममा अस्थायीरूपमा पहुँच अवरुद्ध गरेको छ । सरकारले परीक्षा प्रणालीमा हुने संगठित ठगी नियन्त्रण गर्ने उद्देश्यले यो कदम चालेको जनाएको छ ।

गत महिना प्रश्नपत्र चुहावटसँग सम्बन्धित ठूलो स्क्याण्डल सार्वजनिक भएपछि एनइइटी परीक्षा रद्द गरिएको थियो । यस घटनाले देशभर आक्रोश फैलाएको छ र शिक्षा मन्त्रीको राजिनामा माग गर्दै विद्यार्थीहरूको विरोध प्रदर्शनसमेत चर्किएको छ ।

भारतको इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले मंगलबारदेखि जुन २२ सम्म टेलिग्राममा पहुँच रोक्ने आदेश जारी गरेको हो । साथै, पहिले पठाइएका सन्देशहरू परिवर्तन गर्न प्रयोगकर्तालाई अनुमति दिने मेसेज सम्पादन सुविधा जुन ३० सम्मका लागि निलम्बन गरिएको छ । राष्ट्रिय परीक्षण एजेन्सी (एनटिए) ले जारी गरेको विज्ञप्तिमा यी कदमहरू सार्वजनिक व्यवस्थाको हितमा लिइएको र परीक्षा नकल तथा ठगीमा संलग्न र्‍याकेटहरू टेलिग्राम प्रयोग गरेर सक्रिय भएको प्रमाणका आधारमा गरिएको उल्लेख छ ।

एनइइटी परीक्षा भारतको सबैभन्दा प्रतिस्पर्धात्मक प्रवेश परीक्षामध्ये एक हो । यो परीक्षामा करिब २० लाखभन्दा बढी विद्यार्थी चिकित्सा अध्ययनका लागि प्रतिस्पर्धा गर्छन् । यस परीक्षाको सफलताले देशका मेडिकल कलेजहरूमा प्रवेश निर्धारण गर्छ । चुहावटको आरोप टेलिग्राम च्यानलमार्फत प्रश्नपत्र पहिले नै फैलिएको भन्दै उठेपछि मे महिनामा परीक्षा रद्द गरिएको थियो । यस घटनाले देशको परीक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ ।

भारतमा परीक्षा तयारी ठूलो उद्योगका रूपमा विकसित भएको छ र लाखौं विद्यार्थी राम्रो नतिजाका लागि वर्षौंसम्म कोचिङ सेन्टरमा अध्ययन गर्छन् । तीव्र प्रतिस्पर्धा र सीमित अवसरका कारण धेरै विद्यार्थीमाथि ठूलो मानसिक तथा आर्थिक दबाब पर्ने गरेको छ ।

यसै दबाब र असमान अवसरका कारण परीक्षा प्रणालीसँग सम्बन्धित असन्तोष समय-समयमा देखिँदै आएको छ । केही अवस्थामा परीक्षामा असफलतापछि विद्यार्थीहरूले आत्महत्यासम्म गरेका रिपोर्टहरू पनि सार्वजनिक भएका छन् । चुहावट प्रकरणमा भारतको सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सिबिआई)ले अनुसन्धान गर्दै एक रसायनशास्त्र शिक्षकलाई मुख्य योजनाकारका रूपमा पक्राउ गरेको छ । उनीमाथि परीक्षा प्रणालीसँग प्रत्यक्ष संलग्न रहेको आरोप लगाइएको छ ।

सरकारले सोमबार एउटा विशेष अनलाइन पोर्टल पनि सुरु गरेको छ । उक्त पोर्टलमार्फत नागरिकले एनइइटीसँग सम्बन्धित शंकास्पद गतिविधि, अनधिकृत सामग्री वा ठगीका घटनाहरू रिपोर्ट गर्न सक्ने छन् । परीक्षा प्रणालीमा डिजिटल मार्किङ र अनलाइन मूल्यांकनसम्बन्धी अन्य विवादहरू पनि यस घटनासँगै सतहमा आएका छन् । धेरै विद्यार्थीहरूले गलत ग्रेड दिइएको वा नतिजा वितरणमा त्रुटि भएको गुनासो गरेका छन् ।

भारत तीव्र आर्थिक वृद्धिको अवस्थामा रहे पनि लाखौं युवाहरू स्थिर रोजगारी र उच्च प्रतिस्पर्धात्मक करियर सुरक्षित गर्न संघर्षरत छन् । यसले परीक्षामा सफलता प्राप्त गर्ने दबाब अझ बढाएको छ र परीक्षा केन्द्रित सामाजिक संरचना अझ जटिल बनेको छ । *रासस/एएफपी*

# खडेरीको चिन्ता र उत्तर कोरियाको 'सुक्खा धान' अभियान

**सियोल–** उत्तर कोरियाले परम्परागत पानीमा डुबाइने धानखेतीको विकल्पका रूपमा सुक्खा खेतमा धान उत्पादनलाई तीव्रता दिएको छ । राज्य सञ्चारमाध्यमले यसलाई कृषि उत्पादन बढाउने प्रयासका रूपमा प्रस्तुत गरे पनि विज्ञहरूले यसलाई देशमा बढ्दो खडेरी र खाद्य असुरक्षाको गम्भीर संकेतका रूपमा व्याख्या गरेका छन् ।

आणविक हतियार सम्पन्न उत्तर कोरिया लामो समयदेखि अन्तर्राष्ट्रिय प्रतिबन्ध, राज्य-नियन्त्रित अर्थतन्त्र र निरन्तर खाद्यान्न अभावको समस्यासँग जुध्दै आएको छ । विगतका वर्षहरूमा प्राकृतिक विपद् र कमजोर कृषि संरचनाले पनि खाद्य उत्पादनमा असर पार्दै आएको छ ।

संयुक्त राष्ट्रसंघका उत्तर कोरियासम्बन्धी मानवअधिकार विशेष प्रतिवेदक एलिजाबेथ साल्मोनले फेब्रुअरीमा देशमा खाद्यान्न अभाव प्रमुख मानवीय चुनौती बनेको बताएका थिए । उनका अनुसार पर्याप्त खाद्य उपलब्ध नहुनुले सर्वसाधारणको जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको छ ।

प्योङयाङको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले मंगलबार देशका विभिन्न क्षेत्रमा सुक्खा खेतमा धान खेती विस्तार भइरहेको जनाएको छ । सामान्यतया धानखेतीका लागि प्रशस्त पानी आवश्यक पर्ने भए पनि यस्तो विधि सिँचाइ सीमित हुँदा वा वर्षामा निर्भर रहँदा प्रयोग गरिन्छ ।

यसअघि अप्रिलमा केसिएनएले देशले 'असामान्य' र 'गम्भीर' खडेरीको सामना गरिरहेको चेतावनी दिएको थियो र बाली जोगाउन विशेष कदम चालिएको उल्लेख गरेको थियो । त्यसयता खडेरीको अवस्था अझै चुनौतीपूर्ण रहेको विभिन्न रिपोर्टहरूले देखाएका छन् ।

दक्षिण कोरियाको योन्हाप समाचार एजेन्सीका अनुसार उत्तर कोरियाको सरकारी टेलिभिजनले गत महिना पश्चिमी क्षेत्रमा पर्ने दक्षिण ह्वान्घे प्रान्तका विभिन्न स्थानमा गम्भीर खडेरीको अवस्था देखाएको थियो । उक्त क्षेत्र देशको प्रमुख अन्न उत्पादन केन्द्र मानिन्छ ।

विशेषज्ञहरूका अनुसार पछिल्ला घटनाक्रमले उत्तर कोरियाको कृषि क्षेत्रमा पानीको अभाव गम्भीर बन्दै गएको संकेत गर्छ । डोंगगुक विश्वविद्यालयका प्राध्यापक किम योङ-ह्युनले पानीको उपलब्धता घट्दा सुक्खा खेतको धान वैकल्पिक उत्पादन प्रणालीका रूपमा प्रयोग गरिने बताए ।

उनले उत्तर कोरियाले यस्तो खेती विस्तार गरिरहेको तथ्यले यस वर्षको अन्त्यसम्म खाद्य उत्पादनबारे चिन्ता बढ्न सक्ने संकेत दिने बताए । उत्पादनमा कमी आए खाद्यान्न अभाव अझ गहिरिन सक्ने उनको भनाइ छ ।

इवा वुमन्स युनिभर्सिटीका उत्तर कोरियाली अध्ययनका प्राध्यापक पार्क वोन-गोनले पनि खडेरीको अवस्था उल्लेखनीयरूपमा सुधार नभएको आकलन गरे । उनका अनुसार उत्तर कोरियाले प्रत्येक वर्ष करिब पाँच लाखदेखि १० लाख टनसम्म खाद्यान्न अभाव झेल्दै आएको छ । विश्लेषकहरूका अनुसार जलवायुजन्य जोखिम, सीमित कृषि प्रविधि र दीर्घकालीन आर्थिक कठिनाइका कारण उत्तर कोरियाको खाद्य सुरक्षा चुनौती आगामी दिनमा अझ गम्भीर बन्न सक्ने देखिएको छ । *रासस/एएफपी*

# राष्ट्रसंघद्वारा अमेरिका इरान सम्झौताको स्वागत



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघको महासभाका अध्यक्ष एनालेना बारबकले सोमबार संयुक्त राज्य अमेरिका र इरानबीच भएको सम्झौताको घोषणालाई स्वागत गरेका छन् ।

संयुक्त राज्य अमेरिका र इरानले लामो समयको युद्ध पछि समझदारीमा आएर गरेको सहमति घोषणालाई महासभाका अध्यक्ष र महासचिवले स्वागत गर्दै विज्ञप्ति जारी गरेको जनाइएको छ । द्विदेशीय युद्धका कारण हजारौं नागरिकहरूको मृत्यु नागरिक पूर्वाधारको विनाश, स्ट्रेट अफ होर्मुजमा अवरोध क्षेत्रीय अस्थिरता र विश्वव्यापी आर्थिक उथलपुथल निम्त्याएको थियो भने यो समझदारीसँगै युद्ध अन्त्य भई दिगो शान्ति कायम हुने अपेक्षा गरिएको छ ।

समझदारीको लागि मध्यस्थकर्ताहरूलाई धन्यवाद दिँदै उनहरूले लेबनानलगायत सबै पक्षहरूलाई तत्काल र स्थायी युद्धविरामको पूर्ण पालना गर्न र संयुक्त राष्ट्रको बडापत्र र अन्तर्राष्ट्रिय कानुनअनुरूप सबै विवादहरूको कूटनीतिक समाधान खोज्न यो अवसरको उपयोग गर्न आह्वान गरेका छन् ।

मध्यपूर्वमा स्थायी शान्ति ल्याउने, यस क्षेत्रका सबै देश र जनताको सुरक्षा सुनिश्चित गरी निर्दोष नागरिकहरूको पीडा अन्त्य गर्ने यो एकमात्र तरिका भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९८५०० | प्रति तोला – ० | प्रति तोला – ४९९० |



**निर्माणाधीन पुल** | लमजुङको मध्यनेपाल नगरपालिका वडा नं १ र २ जोड्ने खहरे खोलामाथि निर्माणाधीन पुल। तस्बिरः रासस

*तस्बिरः रासस*

## चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि आह्वान

■ प्रभाव संवाददाता

**काठमाडौं–** परराष्ट्रमन्त्री शिशिर खनालले चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गरी 'पार-हिमाली' समृद्धिको अर्को अध्याय संयुक्त रूपमा निर्माणमा योगदान गर्न आह्वान गरेका छन्।

चीनको चारदिने औपचारिक भ्रमणमा रहनुभएका उहाँले आज बेइजिङस्थित नेपाली दूतावासद्वारा आयोजित लगानी सम्मेलनलाई सम्बोधन गर्दै सो कुरा बताउनुभएको हो। मन्त्री खनालले नेपालको आर्थिक अवसर तथा जनसांख्यिकीय सामर्थ्यलाई उजागर गर्दै थप सक्षम र व्यवसायमैत्री वातावरण सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताएको दूतावासले जनाएको छ।

नेपालमा चिनियाँ लगानी प्रवर्द्धन गर्ने उद्देश्यले राजदूतावासद्वारा आयोजित सम्मेलनकै असरमा उनले चिनियाँ व्यवसायी, उद्यमी तथा लगानीकर्ताहरूसँग भेटघाट गरेका थिए। उक्त अवसरमा नेपालमा रहेका लगानीका अवसरबारे नेपाल लगानी बोर्डका प्रतिनिधिद्वारा प्रस्तुतीकरण गरिएको थियो।

मन्त्री खनालले मंगलबार बेइजिङमा चीनको चिनियाँ जनराजनीतिक परामर्श सम्मेलनको राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङसँग भेटवार्ता गर्नुभएको थियो। भेटका क्रममा नेपाल र चीनबीचको सौहार्द्रपूर्ण तथा मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउने तथा आपसी हितका क्षेत्रमा सहकार्य प्रवर्द्धन गर्ने विषयमा छलफल भएको दूतावासले जनाएको छ।

त्यस्तै, मन्त्री खनालले बेइजिङस्थित मियाओयिङ मन्दिरमा रहेको श्वेत स्तूपको अवलोकन गरेका थिए। नेपालको राष्ट्रिय विभूति अरनिकोद्वारा डिजाइन गरिएको उक्त सम्पदा नेपाल-चीन मित्रताको प्रतीक हुनाका साथै नेपालको ऐतिहासिक सौम्य शक्ति, नेपाली कलाकारहरूको अन्तरराष्ट्रिय प्रतिष्ठा तथा नेपाली वास्तुकलाको समृद्धिको प्रमाण हो।

मन्त्री खनालले चिनियाँ तथा अन्तरराष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्दै नेपालको परराष्ट्र नीति, नेपाल-चीन सम्बन्ध, नेपालमा नवगठित सरकारका प्राथमिकताहरू तथा अन्तरराष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारे आफ्ना धारणा साझा गरेका थिए।

उनी चीनका विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्यूरो सदस्य वाङ यीको निमन्त्रणामा आइतबार बेइजिङ पुगेका थिए। मन्त्री खनाल भ्रमण सम्पन्न गरी आज स्वदेश फर्किँदैछन्।

## जेठमा घर जग्गा कारोबारबाट पाँच अर्ब २४ करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**काठमाडौं–** देशभरका भूमि प्रशासन कार्यालयले गत जेठ महिनामा रु पाँच अर्ब २४ करोड ४२ लाख ५१ हजार १०१ बराबर राजस्व संकलन गरेका छन्।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार देशभरका १३८ भूमि प्रशासन कार्यालयले सेवाकरबाट रु २८ करोड ६६ लाख ३२ हजार ५६० संकलन गरेको छ।

यस्तै, रजिष्ट्रेसन दस्तुरबाट रु दुई अर्ब ७८ करोड ५१ लाख १६ हजार २२६, पुँजीगत लाभकरबाट रु दुई अर्ब १२ करोड ३१ लाख ४२ हजार ६४४ संकलन गरेको छ।

विभागका अनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले रु ३४ करोड ४४ हजार, टोखाले रु १० करोड ९९ लाख २३ हजार, चाबहिलले रु ३१ करोड ४२ लाख १९ हजार बराबरको राजस्व संकलन गरेको छ।

विभागका अनुसार गत वैशाख महिनामा देशभरका मालपोत कार्यालयहरूले कुल रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार ८७३ बराबरको राजस्व संकलन गरेका थिए।

यस्तै, गत चैतमा कुल रु छ अर्ब १६ करोड ५७ लाख ५० हजार ११७ राजस्व संकलन गरेका थिए। त्यस्तै, गत फागुनमा रु चार अर्ब १४ करोड ९५ लाख ४८ हजार ९३२ र गत माघमा भने रु पाँच अर्ब ९९ लाख २४ हजार ५३६ बराबरको राजस्व संकलन भएको थियो।

## नेप्से परिसूचकमा गिरावट जारी

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव ३१ अंकले ओरालो लागेर दुई हजार ७०५ दशमलव ४५ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४८ अंकले ओरालो लागेर ४६४ दशमलव ६४ मा सीमित भएको छ। कारोबार भएकामध्ये ८० कम्पनीको शेयर मूल्य उकालो लाग्दा १७७ कम्पनीको शेयर मूल्य ओरालो लागेको छ। यद्यपि, १५ कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन आएको छैन।

कुल ३५५ कम्पनीको एक करोड सात लाख आठ हजार ५९६ कित्ता शेयर रु चार अर्ब चार करोड ७८ लाख ५८ हजार ८४ मूल्यमा खरिद-बिक्री भएको छ।

कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ। यस्तै, सिद्धार्थ बैंक, रिलायन्स स्पिनिङ मिल्स, रावा इनर्जी डेभलपमेन्ट र बुंगल हाइड्रो शीर्ष पाँचभित्र पर्न सफल भएका छन्। नेप्सेका अनुसार सोपान फर्मासिटिकल्स, अपोलो हाइड्रोपावर, डोल्टी पावर कम्पनी, बुंगल हाइड्रोपावर र मेछ्याङ हाइड्रोपावरका लगानीकर्ताले कमाएका छन्। यस्तै, सयपत्री हाइड्रोपावर, युनिक नेपाल लघुवित्त, एनआइएमबी डिवेञ्चर, कालिञ्चोक हाइड्रोपावर र रिलायन्स स्पिनिङ मिल्सका लगानीकर्ताले भने गुमाएका छन्।

## पर्यटनसँग जोडिँदै मकवानपुरको दारको ठेकी

■ वासुदेव पौडेल



**बागमती–** मकवानपुरको पहिचानका रूपमा रहेको दारको ठेकी यहाँका स्थानीयको उद्यमशीलता एवम् पर्यटनसँग जोडिन थालेको छ। प्राचीनकालदेखि मकवानपुर र आसपासका जिल्लामा दारको ठेकीले आफ्नो छुट्टै पहिचान बनाउँदै आएको छ। दारको ठेकीको प्रवर्द्धनका लागि स्थानीय जागरुकतासँगै सरकारी निकायले पनि चासो दिन थालेपछि उद्यमशीलता र पर्यटकयीय पहिचानका रूपमा पनि जोडिन लागेको हो।

विशेषगरी ग्रामीण परिवेशमा गाई-भैंसी पाल्ने किसानले दही जमाउनका लागि दारको ठेकी सबैभन्दा राम्रो मानिने भएका कारण पनि यसको आफ्नै विशिष्ट महत्व रहेको डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रवंशीले बताए।

पछिल्ला समयमा गाई-भैंसीपालनको क्रम घट्दै गएको र प्लाष्टिक तथा धातुजन्य सामग्रीको प्रयोग बढ्दै जाँदा कतै यसको पहिचान नै हराउने होकि भन्ने चिन्ता बढाएको छ। दारको ठेकीको महत्वलाई उजागर गर्नकै लागि डिभिजन वन कार्यालय, हेटौँडाले विगत तीन वर्षयता दारको काठको प्रवर्द्धन गर्ने गरी कार्यक्रम सञ्चालन गरिरहेको छ। प्रमुख चन्द्रवंशी उनका अनुसार समुदायसँगको सहकार्यमा कार्यालयले दारका बिरुवाका लागि नर्सरी, तारबारका साथै गोडमेल आदिमा सहयोग गरिरहेको छ।

मकवानपुरको चुरेको माथिल्लो भेग, मनहरी तथा लोथरभन्दा माथिल्लो भूभागमा दारका बोट प्रशस्त पाइने उनले जानकारी दिए। पछिल्लो समय काठको ठेकीको प्रयोग र संरक्षण नहुँदा यो लोपोन्मुख अवस्थामा पुगेको थियो।

दही जमाउने यन्त्र र प्लाष्टिक तथा धातुजन्य उपकरणको प्रयोग बढ्दै गएका कारण पनि यहाँको पहिचानका रूपमा रहेको दारको ठेकीलाई संरक्षण गर्नुपर्ने अवस्था आएको उनको भनाइ छ।

वर्षौंअघि देखि नै मकवानपुरमा बनाइएको दारको ठेकी काठमाडौं, भक्तपुर, ललितपुरलगायत विभिन्न जिल्लामा बिक्रीका लागि पुऱ्याइन्थ्यो। दारको संरक्षणका लागि सरकारी प्रयाससँगै पछिल्ला वर्षमा यहाँका विभिन्न सामुदायिक वनले पनि सक्रियता बढाएका छन्।

हेटौँडा नगरपालिका वडा नं ५ स्थित पिप्ले पोखरा सामुदायिक वनले आफ्नो क्षेत्रमा दारका बिरुवा हुर्काउने अभियान सञ्चालन गरेको छ। सामुदायिक वनअन्तर्गत महिला समूहलाई दारको ठेकी बनाउने तालिम प्रदान गरिरहेको वन उपभोक्ता समितिका अध्यक्ष रामहरि चौलागाईंले जानकारी दिए।

उनका अनुसार उक्त वनमा अघिल्लो वर्ष १५० वटा दाराका बिरुवा लगाइएको थियो। यस वर्ष थप एक सय बिरुवा थप्ने लक्ष्य रहेको उनले बताए। 'मकवानपुरको पहिचान दारको ठेकी लोप हुने अवस्था अवस्थालाई दृष्टिगत गरी संरक्षण, प्रवर्द्धन र उपयोगका कार्यक्रम अघि बढाएका छौं', उनले भने, 'पिप्ले सामुदायिक वनअन्तर्गत महिला समूहलाई दारको ठेकी बनाउने तालिम दिँदै उद्यमशीलतासँग पनि जोड्न खोजिएको छ।'

ग्रामीण क्षेत्रका पशुपालक किसानले दूध जमाएर दही बनाउने प्रयोजनका लागि दारको ठेकी प्रयोग गर्ने गरे पनि यो क्रमशः लोपोन्मुख बन्दै गए पछि संरक्षण र उपयोगका लागि तालिमहरूमा जोड दिइएको उनले बताए। अन्य काठका ठेकीको तुलनामा दारको ठेकी केही महँगो पर्ने उहाँको भनाइ छ। पिप्ले पोखरा सामुदायिक वनअन्तर्गत महिलाहरूले ठेकीलगायत उपहारका लागि प्रयोग गरिने सामान बनाएर बिक्री गर्दै आएको उल्लेख गर्दै उनले मकवानपुरको पहिचान दारको ठेकीलाई उद्यमशीलता एवम् पर्यटनसँग पनि जोड्न खोजिएको बताए।

स्थानीय बूढापाकाका अनुसार प्राचीनकालदेखि नै मकवानपुर र आसपासका क्षेत्रमा ठेकी बनाउन दार अथवा देवदार प्रजातिका रूखको काठको प्रयोग गर्दै आइएको छ। अन्य काठको तुलनामा दारको काठ हल्का हुने र यसमा दही जमाउन सबैभन्दा राम्रो हुने भएकाले पनि सकेसम्म दार नै खोज्ने प्रचलन रहेको स्थानीयवासी रमेश थापाले जानकारी दिए।

काठको ठेकी लोप हुँदै जाँदा यस क्षेत्रमा परम्परागत रूपमा ठेकी बनाउँदै आएका चुदाराहरूको पेसासमेत संकटमा परेको उनले बताए। दारको ठेकी लोप हुने चिन्ताका बीच पिप्ले पोखरा सामुदायिक वनअन्तर्गतका महिला समूहले काठको ठेकीलाई उपहारका सामग्रीका रूपमा बिक्री गर्दै आएका छन्।

महिला समूहले मागअनुसार ठेकी तयार गरी उपलब्ध गराउँदै आएको वनका अध्यक्ष चौलागाईंले बताए। मकवानपुरको पहिचानलाई कायम राख्नका लागि हेटौँडा बसपार्क क्षेत्रमा दारको ठेकीको आकारको पानी ट्यांकी निर्माण गरेको छ। हेटौँडा आएका पर्यटकहरूले बसपार्कमा रहेको उक्त ठेकी आकारको ट्यांकीलाई तस्बिरमा कैद गरी लैजाने गरेका छन्। मकवानपुरगढी गाउँपालिका वडा नं ४ मा पर्ने मनकामना मन्दिर जाने मार्गमा पनि पहिचान जोगाउन र पर्यटनसँग जोड्न दारको ठेकीसहितको पार्क निर्माण गरिएको छ। *रासस*

## चैते धानको न्यूनतम समर्थन मूल्य कार्यान्वयन गर्न आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** कृषि, वन तथा पर्यावरण मन्त्रालयले चालु आर्थिक वर्षका लागि नेपाल सरकारद्वारा निर्धारित चैते धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवाला निकायसँग आग्रह गरेको छ।

मन्त्रालयको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले सोमबार विज्ञप्ति जारी गर्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि आधुनिकीकरण कार्यक्रम, नेपाल चामल, तेल, दाल उत्पादन संघ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतलाई चैते धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेको हो।

चालु आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकार मन्त्रिपरिषद्को गत चैत २४ गतेको निर्णयबाट १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार ८६६ रूपैयाँ ४१ पैसा निर्धारण गरिएको थियो।

मन्त्रालयका सहसचिव ई जगन्नाथ तिवारीद्वारा जारी प्रेस विज्ञप्तिमा नेपाली धानले सस्तो भारतीय धानसँग प्रतिस्पर्धा गर्नुपरेको, चिस्यानका कारण भण्डारणमा समस्या भएको र कृषकले उचित मूल्य नपाएको गुनासो विभिन्न माध्यमबाट प्राप्त भएकाले यो कदम चालिएको उल्लेख छ।

चैते धान भित्र्याउनेसमय वर्षात्को सिजन पर्ने भएकाले कृषकले न्यूनतम मापदण्ड कायम गरी भण्डारण गर्न नसक्ने र वर्षे धानखेतीका लागि तत्काल पैसा आवश्यकपर्ने हुँदा उनीहरू कम मूल्यमा सिजनमै धान बिक्री गर्न बाध्य हुने गरेको विज्ञप्तिमा उल्लेख छ।

मन्त्रालयले मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन चैते धानखेतीको संरक्षण र विस्तार अपरिहार्य रहेको औँल्याउँदै कृषकको लागत र न्यूनतम मुनाफा सुनिश्चित गर्न सरकारी तथा निजी क्षेत्र दुवैको दायित्व भएको स्मरण गराएको छ।

धान चामल उद्योगीसहित सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी कृषकबाट निर्धारित मूल्यमा धान खरिद गर्ने प्रक्रिया सहज बनाउन मन्त्रालयले विशेष जोड दिएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ